# प्रभाव दैनिक

National Daily

वर्ष ७ अंक २९६ काठमाडौं आइतबार, १ चैत २०७७ Prabhab National Daily, Sunday , March 14, 2021 URL www.prabhabonline.com पृष्ठ १० मूल्य रू. ५।-



सार्वजनिक सम्पत्तिमा प्रत्येक नागरिकको हक छ, त्यसको दुरुपयोग दण्डनीय अपराध हो ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग


सन्दर्भः वैदेशिक रोजगार

## ठगीका उजुरी दर्तामा कमी

■ महेन्द्र शाही

**काठमाडौं–** नेपालबाट विदेश जाँदा हुने ठगीमा चालू आर्थिक वर्षको छ महिनामा कम उजुरी परेका छन् । चालू आर्थिक वर्षको ६ महिनामा संस्थागत तर्फ ७५.३२ प्रतिशत र व्यक्तिगततर्फ ३४.५५ प्रतिशत कम उजुरी आएका हुन् ।

चालू आर्थिक वर्षको ६ महिनामा संस्थागततर्फ एक सय ८७ वटा ठगीका उजुरी परेको र यो अघिल्लो आर्थिक वर्षको सोही अवधिको भन्दा ७५.३२ प्रतिशतले कम भएको वैदेशिक रोजगार विभागका निर्देशक तथा सूचना अधिकारी टिकामणि नेउपानेले जानकारी दिए । उनका अनुसार अघिल्लो आर्थिक वर्षको पुस महिनासम्म ७ सय ५८ वटा ठगीका उजुरी परेका थिए । त्यस्तै व्यक्तिगत रुपमा पनि अघिल्लो आर्थिक वर्षको भन्दा चालू आर्थिक वर्षमा कम उजुरी आएको नेउपानेले बताएका छन् । अघिल्लो आर्थिक वर्ष अर्ध वार्षिक अवधिमा व्यक्तिगततर्फ दुइ सय ४६ वटा उजुरी विभागमा आएको भए पनि चालू आर्थिक वर्षको ६ महिनामा एक सय ६१ वटा उजुरी परेको उनले बताए ।

अघिल्लो आर्थिक वर्षको ६ महिनाको तुलनामा चालू आर्थिक वर्षको सोही अवधिमा संस्थागततर्फ दाबी रकम पनि कम रहेको उनको भनाइ छ । अघिल्लो आर्थिक वर्षको ६ महिनामा रु.२३ करोड ९१ लाख, ५ हजार एक सय ९३ क्षतिपूर्ति दाबी गरिएको थियो भने चालू आर्थिक वर्षको ६ महिनामा रु.५ करोड ६१ लाख ६९ हजार ९ सय ४६ क्षतिपूर्ति दाबी गरिएको छ । जुन अघिल्लो ६ महिनाको भन्दा ७६.५० प्रतिशतले कम हो ।

यस्तै, विभागले अघिल्लो आर्थिक वर्षको ६ महिनाको तुलनामा चालू आर्थिक वर्षमा ६५ प्रतिशत बढी बिगो भराउन सफल भएको उनले बताएका छन् । चालू आर्थिक वर्षको ६ महिनामा रु.६ करोड ६८ लाख, ५३ हजार चार सय ७३.२६ बिगो भराइएको छ । जबकि अघिल्लो आर्थिक वर्षको सोही अवधिमा रु.४ करोड २ लाख ७८ हजार पाँच सय बिगो भराइएको थियो ।

त्यसैगरी, व्यक्तिगत रुपमा उजुरी दिने व्यक्तिले चालू आर्थिक वर्षमा रु.१५ करोड ३३ लाख, ७५ हजार बिगो दाबी गरेर उजुरी दिएका छन् । जुन अघिल्लो आर्थिक वर्षको भन्दा १२.१९ प्रतिशतले कम हो । अघिल्लो वर्षको सोही समयमा रु.१७ करोड, ४६ लाख, ६७ हजार बिगो दावी गरिएको थियो । व्यक्तिगत रुपमा आएका उजुरीहरुलाई अदालतमा पेस गरेर कार्बाही गरिने पनि सूचना अधिकारी नेउपानेले जानकारी दिएका छन् । जसमा अघिल्लो आर्थिक वर्षको ६ महिनामा एक सय ४१ मुद्दा अदालतमा दायर गरिएको थियो भने चालू आर्थिक वर्षको सोही अवधिमा ५८ वटा मुद्दा मात्र अदालतमा दायर गरिएको उनको भनाइ छ ।

अदालतमा दायर गरिएको मुद्दामा बिगो दाबी गरिएको रकम पनि चालू आर्थिक वर्षमा २३.१७ प्रतिशतले कम रहेको नेउपानेले बताएका छन् । अघिल्लो वर्षको ६ महिनामा रु. १३ करोड, ७२ लाख ३२ हजार बिगो दाबी गरिएको थियो भने चालू आर्थिक वर्षको सोही अवधिमा रु. १० करोड ५४ लाख २९ हजार बिगो दाबी गरिएको उनको भनाइ छ । व्यक्तिगत रुपमा ठगी भएको भनेर आएका उजुरीमा अदालतमा दायर मुद्दा प्रतिशतसमेत कम देखिएको छ । अघिल्लो आर्थिक वर्षको ६ महिनामा ५७.३ प्रतिशत मुद्दा दायर गरिएको थियो भने चालू आर्थिक वर्षमा ३६ प्रतिशत मुद्दा दायर गरिएको नेउपानेले बताएका छन् । बिगो दाबी प्रतिशत पनि चालू आर्थिक वर्षमा कम देखिएको छ । अघिल्लो आर्थिक वर्षको ६ महिनामा ७८.६ प्रतिशत बिगो दाबी गरिएको थियो भने चालू आर्थिक वर्षमा ६९ प्रतिशत बिगो दाबी गरिएको सूचना अधिकारी नेउपानेले जानकारी दिए ।

तथ्यांकमा घटेको देखिए पनि ठग्ने क्रम भने नघटेको उनको भनाइ छ । कोरोनाका कारण विदेश जाने व्यक्ति नै कम भएकाले तुलनात्मक रुपमा केही कम घटनाहरु देखिए पनि ठग्ने र ठगिने क्रम बढिरहेको नेउपानेले बताएका छन् । ठगी भएको उजुरीमा संस्थागततर्फ खाडी मुलुकमा गएका वा जानेहरु र व्यक्तिगततर्फ भने युरोप तथा अमेरिका जाने वा जान खोज्नेहरु रहेको सूचना अधिकारी नेउपानेले जानकारी दिएका छन् ।

## फुटको संघारमा एमाले

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल कम्युनिस्ट पार्टी (एमाले) फुटको संघारमा पुगेको छ । शुक्रबार पार्टी अध्यक्ष केपी ओलीले चालेको कदममाथि छलफल गर्न शनिबार बसेको नेपाल पक्षको संसदसहितको केन्द्रीय समितिको बैठकले ओलीसँग फर्किने कुनै सम्भावना नरहेको निष्कर्ष निकालेपछि एमाले फुटको संघारमा पुगेको हो ।

शनिबार बसेको नेपाल पक्षको संसदसहितको केन्द्रीय समिति बैठकमा ओलीले शुक्रबार चालेको कदमपछि उत्पन्न परिस्थितिका विषयमा गम्भीर छलफल भएको बताइन्छ । स्रोतका अनुसार चमत्कार नभए अब एमाले दुई वटा भएको माधव नेपाल पक्षको निष्कर्ष छ । पार्टी एकीकृत हुँदाको अन्तर संघर्ष, सर्वोच्च अदालतको फैसलापछि एमाले ब्यूँतिएको अवस्था र योबीचमा पार्टी अध्यक्ष ओलीले गरेको व्यवहारको आधारमा एमाले पार्टी थप एक भएर जान नसक्ने नेपाल पक्षको ठहर छ ।

छलफलका क्रममा नेपाल पक्षका सांसदसहित केन्द्रीय सदस्यहरुले ओली प्रवृत्तिविरुद्ध लड्न आफूहरु तयार रहेको भन्दै सांसद पद गुमे पनि केही फरक नपर्ने धारणा राखेपछि नेता हौसिएका छन् । उसो त बैठकले ओलीले शुक्रबार एकपक्षीय रुपमा प्रदेश संयोजक तोकेपछि समानान्तर कमिटीको अभ्याससमेत गरिसकेको छ ।

जसअनुसार प्रदेश १ को संयोजनको जिम्मा भीम आचार्यलाई, प्रदेश २ को घनश्याम भुसाललाई, प्रदेश ३ को अष्टलक्ष्मी शाक्यलाई, प्रदेश ४ को जिम्मा सुरेन्द्र पाण्डेलाई, ५ र ६ को जिम्मा युवराज ज्ञवालीलाई र प्रदेश ७ को जिम्मा भीम रावललाई दिइएको छ । त्यस्तै, युवा विभागको जिम्मा रघु पन्त, विद्यार्थी विभागको जिम्मा गोकर्ण विष्ट, प्रचार विभागको जिम्मा



योगेश भट्टराई, महिला विभागको जिम्मा अष्टलक्ष्मी शाक्यलाई र बुद्धिजीवी विभागको जिम्मा प्रमेश हमाललाई दिइएको छ ।

बैठकपछि सञ्चारकर्मीहरूसँग अनौपचारिक छलफलका क्रममा वरिष्ठ नेता नेपालले अब ओलीसँग फर्किने कुनै सम्भावना नरहेको भन्दै पार्टी विभाजनतिर पुगेको बताएका छन् । उनका अनुसार अब ओलीसँग एकताको सम्भावना सकिएको छ । ७ फागुनमा ओलीले बोलाएको बैठकमा नजाने उनले बताएका छन् । जेठ २ मा एमालेको जुन संरचना थियो । त्यो तलमाथि हुनु नहुने यदि तलमाथि भयो भने आफूहरु अब अलग अलग ढंगले जाने उनले बताए ।

देशभरबाट नेता कार्यकर्ताले आफूहरुलाई साथ दिने बचन दिएको उल्लेख गर्दै नेपालले ग्राउन्ड लेबलसम्म आफूहरुको पक्षमा माहोल रहेको नेता नेपालले दाबी गरेका छन् । 'सांसदहरुले लोगो छुटाउन तयार छौं तर साथ छाड्दैनौं भनेर भन्नु भएको छ । आज पनि केन्द्रीय समिति बैठकमा ४० सांसद उपस्थित हुनुभयो,' नेपालले भने, 'चमत्कार नै भए मात्रै नत्र ओलीसँग अब सहकार्य हुँदैन ।' उनले एमालेको मूलधार आफूहरु नै भएको दाबी गर्दै अब वृहत वामएकताको पहल थालिने पनि बताए । अहिले नै आफूसहित झलनाथ खनाल सँगसँगै हुँदै गर्दा वामदेव गौतम पनि यो अभियानमा सहभागी हुने उनको विश्वास छ । 'जेएन खनाल सँगै हुनुहुन्छ, वामदेवजी पनि यही आउनुहुन्छ । एमालेका बहुमत नेता कार्यकर्ता हाम्रै पक्षमा हुनुहुन्छ,' नेपालले भने ।

सर्वोच्चको फैसलासँगै एमाले ब्यूँतिएपछि पनि ओलीले सम्बन्ध सुधारमा कुनै पहल नगरेको नेपालले आरोप लगाएका छन् । 'सर्वोच्चले फैसला गरिसकेपछि केपी ओलीले फोन गरेर छलफल गर्नुहुन्छ भन्ने अपेक्षा थियो । उल्टै हिजो जसरी निर्णय गर्नुभयो लगभग सहमतिको बाटो बन्द भएको छ,' उनले भने ।

**ओलीद्वारा कारबाहीको चेतावनी**

यता, प्रधानमन्त्रीसमेत रहेका नेकपा एमालेका अध्यक्ष केपी ओलीले नेपाललगायत सबैलाई बैठकमा आमन्त्रण गरेका छन् । अखिल नेपाल महिला संघको केन्द्रीय कमिटीले आयोजना गरेको १११औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसमा सम्बोधन गर्नेक्रममा मञ्चबाट उनले सबैलाई आमन्त्रण गरेका हुन् ।

उने मञ्चबाटै चैत ७ गतेको बैठकमा नआए कारबाही गर्ने चेतावनी दिएका छन् । उनले पटक-पटक बैठकमा नआए पार्टीको विधानअनुसार कारबाही गर्ने चेतावनी दिए ।

ओलीले आफूले पार्टीको काम गर्दै गर्नका लागि केही साथीहरूलाई कामको जिम्मेवारी दिएको स्पष्ट पारेका छन् । ७ गतेको बैठकमा आएपछि छलफल गरेर अघि बढ्ने भन्दै ओलीले बैठकमा उपस्थित हुन सबै नेलाई निम्तो दिएका हुन् ।

अध्यक्ष ओलीले बाटो बिराएका नेताहरूलाई सच्चिएर आउन आग्रहसमेत गरेका छन् । उनले नेपाल समूहले 'केपी ओलीलाई ठेगान लाउन आउँछौं' भनेको सुनेको भन्दै आफूले त्यो कुरा 'खुट्टा देख्दै पत्याएको' र त्यसो गरे 'बाटैमा खुट्टामा ठेस लाग्ने' बताए । उनले समय छँदै मेहनत, पसिना, बल, बुद्धि खर्च गर्न आग्रहसमेत गरे ।

## सिमित वर्ग मात्र समृद्ध : दाहाल

■ प्रभाव संवाददाता

**काठमाडौं–** केही मुट्ठीभर व्यक्तिहरु मात्र समृद्ध भएको नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहालले बताएका छन् । प्रकाश विकल्पद्वारा लिखित समृद्धिको रोडम्याप पुस्तक विमोचन समारोहलाई शनिबार सम्बोधन गर्दै अध्यक्ष दाहालले सम्मृद्धिका नाममा केही मुट्ठीभरका व्यक्तिहरु मात्र अघि बढेको बताए ।

सम्मृद्धिका नाममा केही मुट्ठीभर व्यक्तिहरु अरबपति, खरबपति भएको भन्दै अधिकांश जनताले अझै न्यूनतम मानवीय सुविधा प्राप्त गर्न नसकेको बताएका छन् । धेरै व्यक्तिहरुले सामान्य मानवीय सुविधा त प्राप्त गर्न नसक्दा धनी र गरिबको खाडल, सामाजिक न्यायको स्तर, मानिसको चेतनाको स्तर र सभ्यताको स्तरमा अन्तर परेको उनले बताए।

अहिले सरकारले समृद्धिको भाषण गरेर नथाक्दै गर्दा अध्यक्ष दाहालले त्यसलाई समृद्धि भन्न नसकिने बताएका छन् । समग्र मानव समाज नै एउटा हारमोनीमा, एउटा तादात्म्यमा सामाजिक न्यायसहित सभ्यताको एउटा नयाँ उचाइँ छुँदै अगाडि बढेको छ कि छैन भन्ने नै मुख्य कुरा भएको उनले बताए ।

केही मुट्ठीभर व्यक्तिहरुको आर्थिकस्तर माथि पुग्दैमा मुलुक सम्मृद्धिको बाटोमा अघि बढेको मान्न नसकिने पनि अध्यक्ष दाहालले बताएका छन् । समग्र मानव समाज सामाजिक न्यायसहितको सभ्यताको उचाइँमा अग्रसर भएमात्र सोही आधारमा समृद्धिलाई नाप्न सकिने उनले बताए ।

मानिस हुनुको नाताले चेतनाको स्तर निरन्तर अघि बढेको छ कि छैन भन्ने कुरा प्रमुख कुरा भएको भन्दै उनले सामाजिक न्याय र चेतना तथा सभ्यताको स्तरमा अन्तर भयो भने त्यसलाई सम्मृद्धि मान्न नसकिने बताए ।

उनले समाज र जनताले नेता पैदा गर्ने भएकाले जनताको चेतनास्तरको महत्त्वपूर्ण भूमिका रहेको बताए । उनले भने, 'नेताहरु भनेको समाज र जनताले पैदा गर्ने कुरा हो । इतिहास र चेतनाको निर्माता जनता हो । नेता मुख्य होइन । जनता मुख्य हो । जनताको चेतनाको स्तर आम रुपमा कति छ भन्ने कुराले नेता कस्ता जन्मन्छन् भन्ने निर्धारण गर्छ ।'

## 'कम्युनिस्टबाट प्रजातन्त्रमाथि खतरा'

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले कम्युनिस्टबाट प्रजातन्त्र खतरामा परेको दाबी गरेका छन् । शनिबार नेपाली कांग्रेसको केन्द्रीय महिला विभागले आयोजना गरेको महिला भेला तथा प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्दै सभापति देउवाले कम्युनिस्ट एकदलीय सर्वसत्तावाद लागू गर्न प्रजातन्त्रलाई मास्ने दाउ हेरिरहेको भन्दै उनीबाट नै खतरामा परेको दाबी गरे ।

आफू सत्तामा बसिरहनका लागि जनतालाई बहकाउन झुठा नारा दिने काम कम्युनिस्टबाट भइरहेको सभापति देउवाले बताएका छन् । प्रजातन्त्रको रक्षा गर्ने काम नै नेपाली कांग्रेसको भएकाले कांग्रेसले अब कम्युनिस्टसँग लड्न पनि तयार रहनुपर्ने उनले बताए ।

कार्यक्रममा सभापति देउवाले कम्युनिस्ट पार्टीले एकदलीय सर्वसत्तावाद लागू गर्न चाहेका कारण प्रजातन्त्रलाई स्थायी बनाउनका लागि कम्युनिस्ट पार्टीको खिलापमा लड्नुपर्ने बेला आएको बताएका छन् । कम्युनिस्टहरु प्रजातन्त्रको खिलापमा रहेको भन्दै सभापति देउवाले नेपालमा कसैले हटाउन नसक्ने स्थायी प्रजातन्त्र स्थापना गर्नुपर्ने बताए ।

प्रजातन्त्र सबैभन्दा महत्वपूर्ण कुरा हो तर प्रजातान्त्रिक संस्कार नै नभएकाबाट अहिले शासन सत्ता सञ्चालन भइरहँदा प्रजातन्त्रमाथि नै खतरा बढेको उनले बताएका छन् । कम्युनिस्टले एकदलीय सर्वसत्तावाद लागू गर्न चाहेको भए पनि यसलाई परास्त गर्न कांग्रेस अघि बढ्नु पर्ने उनले बताए ।

सात सालमा राणाको खिलापमा प्रजातन्त्रका लागि लडेको कांग्रेसले पञ्चायतको खिलापमा प्रजातन्त्रकै लागि लडेको इतिहास साक्षी भएको बताउँदै अहिले पनि प्रजातन्त्रकै लागि कम्युनिस्टको खिलापमा लड्नुपर्ने बेला भएको उनले बताएका छन् । प्रजातन्त्रको खिलापमा उनीहरु छन् तर हामीले स्थायी प्रजातन्त्र, कसैले हटाउन नसक्ने प्रजातन्त्र स्थापना गर्नुपर्ने उनले बताए ।

कार्यक्रममा सभापति देउवाले देशको राजनीति अत्यन्तै तरल अवस्थामा रहेको पनि बताएका छन् । नेपाली कांग्रेसले लोभ र हतार गर्नु नहुने भन्दै उनले परिस्थिति आइपर्‍यो भने जिम्मेबारीबाट नभाग्ने पनि स्पष्ट पारे । उनले भने, 'नेपालको राजनीति अत्यन्तै तरल अवस्थामा छ । हाम्रो पार्टीले धेरै हतार गर्ने लोभ गर्ने काम पनि छैन । र, परिस्थिति पर्‍यो भने जिम्मेवारीबाट भाग्ने काम पनि छैन ।'

सभापति देउवाले नेपाली कांग्रेस पार्टीभित्र महिलालाई ३३ प्रतिशत आरक्षणको व्यवस्था गरेको बताएका छन् । महिलालाई पार्टीमा आकर्षित नगराए पार्टीको जित नहुने उनको भनाइ छ । 'हाम्रो पार्टीले महिला दिदीबहिनीलाई पनि नेपालको संविधान अनुरुप बराबर नै ३३ प्रतिशत महिलालाई हाम्रो पार्टीमा पनि आरक्षण गरेका छौं, महिलाहरुलाई पार्टीमा जबसम्म आकर्षित गर्न सकिदैन, तबसम्म पार्टीको जित कहिल्यै हुँदैन । महिला शक्ति हो । जिताउन पनि सक्छ महिलाहरुले, हराउन पनि सक्छ । महिलालाई जस्तो अधिकार देशले दिएको छ त्यो अधिकार कांग्रेसले पनि दिएको छ ।'




# बाहिरी चक्रपथ कार्यान्वयनको माग

■ प्रभाव संवाददाता




**भक्तपुर–** जिल्ला समन्वय समिति भक्तपुरको तेस्रो जिल्ला सभाले बाहिरी चक्रपथको भक्तपुर खण्ड अविलम्ब पूरा गर्न सरकारसँग माग गरेको छ । बाहिरी चक्रपथ निर्माण गर्ने निर्णय भएको लामो समयसम्म यसको कार्यान्वयन नभ(एकोमा असन्तुष्टि व्यक्त गर्दै भक्तपुरले बाहिरी चक्रपथको भक्तपुर खण्ड तत्काल कार्यान्वयन गर्न माग गरेको हो । शुक्रबार समितिका प्रमुख नवराज गेलालको अध्यक्षतामा भएको सभाले काठमाडौं उपत्यकाको समग्र यातायात र सहरी विकासलाई महत्त्वपूर्ण योगदान दिने बाहिरी चक्रपथ आयोजनाको भक्तपुर खण्ड अविलम्ब कार्यान्वयन गर्न सम्बि(न्धत निकायलाई पत्राचार गर्ने निर्णय गरिएको छ ।

जिसस प्रमुख गेलालका अनुसार सभाले मेलम्ची खानेपानी आयोजनाबाट निकट भविष्यमा वितरण हुन लागेको खानेपानी भक्तपुर जिल्लाको सबै स्थानीय निकायमा वितरण गर्न सम्बधित निक(ायलाई अनुरोध गर्ने निर्णय पनि गरेको छ । त्यसैगरी सभाले अनुगमन कार्यविधि २०७५ पहिलो संशोधन स्वीकृत गरेको छ भने भक्तपुर जिल्लाको नदी खानी क्षेत्रबाट नदी तथा खानीजन्य पदार्थ उत्खनन, संकलन तथा बिक्रीवितरण प्रक्रियाको अनुगमन, नियमनसम्बन्धी कार्यविधिलाई सभाले अनुमोदन गरेको छ ।

सभाले आव ०७७/७८ को नीति, कार्यक्रम तथा बजेट स्वीकृत गर्नुका साथै कार्यालयमा रहेका जिन्सी मालसामान मिनाहा र लिलामका लागि नियमानुसार प्रक्रिया अगाडि बढाउने निर्णय गरिएको छ । विभिन्न समयदेखि रहेको बेरुजुलाई नियमानुसार नियमित गर्ने, विभिन्न स्थानीय तह, सामाजिक संस्था र वडा कार्यालयलाई हस्तान्तरण भएका साम(ानको अनुमोदन गर्ने र दोस्रो जिल्लासभा पछि भएका कामको अनुमोदन गर्ने निर्णय गरेको छ ।

सभामा प्रमुख गेलालले चालु आव ०७७/७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दै स्थानीय तह, कार्यालयलगाय(तसँग समन्वय गर्ने कार्यलाई निरन्तरता गर्दै जाने, पूर्वाधार विकास, आर्थिक विकास, सामाजिक विकास, सुशासन, क्षमता विकास, खेलकूदको विकासतर्फ नगरपालिकाले ल्याण्डफिल्डको व्यवस्था गर्न जग्गा खोजी गर्ने, प्राकृतिक स्रोतको व्यवस्थापन, अनुगमनलगायतको कार्यक्रम प्रभावकारीरुपमा लैजाने बताए ।

कार्यक्रममा जिल्ला समन्वय अ(धिकारी जगन्नाथ लामिछानेले योजना, बजेट तथा कार्यक्रम प्रस्तुत गर्दै आव ०७७/७८ मा स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमतर्फ सांसद प्रेम सुवालको क्षेत्र नं १ मा २७ वटा कार्यक्रममा भएको रु चार करोडको र भक्तपुर क्षेत्र नं २ का सांसद महेश बस्नेतको १८ वटा कार्यक्रमको रु चार करोडको बजेट एवं कार्यक्रम प्रस्तुत गरे ।

सोही कार्यक्रमतर्फ वाग्मती प्रदेशसभा सदस्य कृष्णलाल भँडेलको २० कार्यक्रममा रु तीन करोड, सुरेन्द्रराज गोसाईको १३ कार्यक्रमको रु तीन करोड, शशीजंग थापाको १७ कार्यक्रमको रु तीन करोड र डा राजेन्द्रमान श्रेष्ठको १० कार्यक्रमको रु तीन करोड बजेटमा भएको विकास साझेदारी कार्यक्रम उनले प्रस्तुत गरे ।

जिससतर्फका मौज्दात कोष बाँडफ(ाँटतर्फ चाँगुनारायण नगरपालिकाका लागि रु १० करोड ७० लाख, सूर्यविन(ायक नगरपालिकाका लागि रु सात करोड ४५ लाखको बजेट विवरण पेस भएको छ । त्यस्तै आव ०७७/७८ का लागि केन्द्रीय अनुदानतर्फ रु एक करोड ४१ लाख ६५ हजार, प्रदेशतर्फ रु ४५ लाख ८० हजारको बजेट प्रस्तुत गरे ।

सभामा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सांसद नीति निर्माता भएको हुँदा निर्माणको जिम्मेवारी स्थानीयतहलाई दिनुपर्नेमा जोड दिँदै संघ र प्रदेशले स्थानीय आवश्यकताअनुसार प्राथमिकताको आधारमा स्थानीयतहमा बजेट निकासा गर्नुपर्ने बताए ।

# हंसमण्डपमा २० टन फोहर



**काठमाडौं–** महाशिवरात्रि मेलापछि पशुपति क्षेत्रमा जम्मा भएको फोहर सफाइ गर्न थालिएको छ । वाग्मती सफाइ महाअभियानको ४०९औं हप्तामा पशुपति क्षेत्रको हंसमण्डपमा सफाइ गरी २० मेट्रिकटन फोहर व्यवस्थापन गरिएको छ ।

महाशिवरात्रिका अवसरमा फागुन २७ गते हंसमण्डप क्षेत्रमा खाना खुवाउने, सांस्कृतिक कार्यक्रमसहित भक्ति संगी(तसमेत आयोजना गरिएको थियो । हंसमण्डप क्षेत्रमा प्ला(ष्टिक, कागजका प्लेट, प्लाष्टिक र कागजका गिलास, बोत्तललग(ायत फोहर यत्रतत्र फालिएका अवस्थामा वाग्मती सफाइ महाअभियानले सफा गरेको अभियानकर्मी एवं अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिका सञ्चालक सदस्य डा माला खरेलले जानक(ारी दिइन् ।

फोहरको डंगुर जम्मा भए पनि तीन दिनदेखि सफा नगरी थुप्रिएको अवस्थामा भेटिएको अभियानकर्मीको गुनासो छ । भोजन एवं अन्य गतिविधि गर्ने समूहलाई नै सफा गराउन नसि(कएको भेटिएको जनाइएको छ ।

सफाइमा मुख्य अभियानक(र्मी एवं पूर्वमुख्यसचिव लीलामणि पौडेल, पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद् सदस्य आशा पाण्डे, तिलगंगा सफाइ समूह, चक्रपथको उत्तरखण्ड र मैतीदेवी सफाइ समूह पनि पशुपति क्षेत्रको सफाइमा केन्द्रित भएका जन(ाइएको छ ।

महाअभियानले यसअघि २२ फागुनको सफाइ पनि पशुपति क्षेत्रको सूर्यघाटबाट आर्यघाटसम्म गरेको थियो । महाशिवरात्रिमा पशुपति क्षेत्रमा लाखौं भक्तजन आउने भएकाले महाशिवरात्रि अघि र पछिका दुवै शनिबार पशुपति क्षेत्रमै सफाइ गरिएको अभियानकर्मी किशोरसिंह शाहीले बताए ।

५ जेठ ०७० देखि सुरु भएको वाग्मती सफाइ मह(ाअभियान जाडो, गर्मी, वर्षा, चाडपर्व, भूकम्प, नाकाबन्दी, कोरोना महामारीका बेलासमेत निरन्तर हुँदै आएको छ । वाग्मती सफाइ महाअभियान सुरु भएपछि नदीका विभिन्न स्थानका साथै यसका सहायक नदीसमेत सफाइ भइरहेको छ ।

महाअभियानबाट प्रभावित भएर देशका मुख्य सहर एवं नदी क्षेत्रमा सफाइ सुरु भएको छ । हाल देशभर १०७ भन्दाबढी स्था(नमा सफाइ भइरहेको जनाइएको छ । वाग्मती नदी किनारमा रहेका मठमन्दिरमा विशेष मेला लाग्ने बेलामा सफाइ महा(अभियान तिनै मठमन्दिर केन्द्रित हुने गरेको छ ।

नदी किनारमा रहेका मठमन्दिर व्यवस्थापन समिति एवं स्थानीय सरकारका एकाइ सफ(ाइमा केन्द्रित नभएको भेटिएको अभियानकर्मीको गुनासो छ । सहर, नदी, सम्पदा सफा राख्ने हो भने सबै संवेदनशील हुनुपर्नेमा जोड दिइएको छ । रासस

# पेप्सीकोला–सल्लाघारी सडक ५५ प्रतिशत

■ प्रभाव संवाददाता

काठमाडौं- पेप्सीकोलाबाट सल्लाघारीसम्मको सडक विस्तारको भौतिक प्रगति ५५ प्रतिशत पुगेको छ । चालू आवसम्म कालोपत्र सक्ने गरी सो सडकको उपलब्ध चौडाइमा कालोपत्र भइरहेको छ । स्थान(ीयवासीले जग्गाको समेत मुआब्जा माग गरेर लामो समयसम्म पनि निर्माण अघि बढाउन नदिएकाले अवधि सकिँदा पनि सम्पन्न नभएको काठमाडौं उप(त्यका सडक बिस्तार आयोजनाले जनाएको छ । बीस मिटर चौडाइ कायम गर्ने गरी तीन वर्ष पहिले ठेक्का सम्झौता भए पनि त्यसअनुसार सडक खाली गराउन नसकिएको आयोजनाका सूचना अधिकरी लक्ष्मण देवकोटाले बताए ।

बहाखा बजारबाट सल्लाघारीतर्फ सडक निर्माणका लागि घर भत्काउनुपर्ने थियो । काठमाडौं उपत्यका नगर विकास प्राधिकरणले सडक खाली गराउनुपर्ने भए पनि खाली गराउन सकेको थिएन । निर्माणस्थल खाली नभएकै कारण लामो समयसम्म अवरुद्ध भए पनि गत वर्ष उपलब्ध चौडाइमा कालोपत्र गर्ने सरकारको निर्णयानुसार सडक कालोपत्र भइरहेको छ । उनले भने, 'केही ठाउँमा मापदण्डअनुसार भए पनि धेरै ठाउँमा भइरहेको छैन ।'

लामो समयसम्म चौडाइ विवादका कारण निम(ाण अवरुद्ध भएकामा सरकारले गत वर्ष बिस्तारका क्रममा रहेका सबै सडक उपलब्ध चौडाइमै कालोपत्र गर्ने निर्णय गरेको थियो । सोही निर्णयका आधारमा काम अघि बढिरहँदा गत आवमा विश्वव्यापीरूपमा फैलिएको कोभिड-१९ र त्यसपछि निर्माण सामग्रीको अभाव रहेको थियो । उनले अहिले समस्या हटेकाले काम भइरहेको जानकारी दिए ।

चार दशमलव पाँच किलोमिटर लम्बाइको सो सडकको ठेक्का सम्झौता असार ०७४ मा भएको थियो । सडकको ठेक्का सम्झौता अवधि गत पुसमा सकिएको थियो । उक्त सडक निम(ाणको ठेक्का कान्छाराम पिआर उमा कम्पनी एण्ड जेभीले लिएको थियो ।

काठमाडौं उपत्यकामा आयोजनाले नौ सडक विस्तारको काम सुरु गरे पनि अहिलेसम्म कुनै पनि सडक सम्पन्न भइसकेका छैनन् । काठमाडौंमा तीन र ललितपुरमा पाँच तथा भक्तपुरको एउटा सडक विस्तार सुरु गरिएको थियो । अहिले भएका सडक सम्पन्न नभएकाले सडक विभागले थप सडकमा विस्तारको योजना बनाएको छैन ।

# शिरोमणि आचार्यको इतिहास स्मरण

**काठमाडौं–** शिरोमणि बाबुराम आचार्य देशको अमूल्य निधि र इतिहासको गहना भएकाले उनको योगदानलाई चीरस्मरण राख्न विशेष कार्यक्रम ल्याइनुपर्नेमा जोड दिइएको छ ।

आचार्यको १३४औं जन्म जयन्तीका अवसरमा शनिबार नेपाल प्रज्ञा-प्रतिष(ठानमा आयोजित 'बाबुराम आचार्य र उहाँको योगदान विषयक विचार गोष्ठी' का वक्ताले राष्ट्रका विभूतिका रूपमा रहेका इतिहासकार आचार्यको योगदान तथा उनका सिर्जनालाई राष्ट्रिय र अन्तर्राष्ट्रियकरणका लागि सरोकारवाला निकायले विशेष भूमिका खेल्नुपर्ने बताए ।

प्रतिष्ठानको सामाजिक शास्त्र विभाग र इतिहास शिरोमणि बाबुराम आचार्य स्मृति प्रतिष्ठानले संयुक्त रूपमा आयोजना गरेको कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रा(लयका सचिव यादवप्रसाद कोइरालाले इतिहास शिरोमणि आचार्य देशको अमूल्य निधि र इतिहासको गहना भएकाले उनको योगदानलाई चिरायुसम्म सम्झने गरी पुरस्कारलगायत विविधि विषयबाट सम्बोधन हुनेगरी मन्त्रालयले नीतिगत कार्यक्रम ल्याउने बताए ।

आचार्य भौतिक रूपमा नरहे पनि उनका इतिहाससम्बन्धी कालजयी कृतिले सदैव जीवित रूपमा स्मरण गराइरहेको उल्लेख गर्दै सचिव कोइरालाले इतिहासमा योगदान दिने व्यक्तिलाई नै इतिहासले सम्झने उल्लेख गरे । उनले आचार्य जस्ता इतिहास, साहित्यका सर्जकको संरक्षण गरी अन्तर्राष्ट्रिय प्रवर्द्धन गरिनुपर्नेमा जोड दिनुभयो । सचिव कोइरालाले भने, 'सगरमाथाको नामाकरण गर्ने आचार्यको जीवन, संघर्षपूर्ण हुँदाहुँदै उनले दिएको ज्ञान सदा चिरस्मरण हुन्छ, राज्यले दिएको महत्वपूर्ण विधाको पद हो ।'

पर्यटन मन्त्रालयले आचार्यको युगा(न्तकारी स्मरणका लागि विशेष पुरस्कार स्थापना गर्ने जनाएको छ । पर्यटन सचिव कोइरालाले आचार्यको योगदानको कदर स्वरुप उनको स्मरणलाई जीवन्त तुल्याउन पुरस्कार स्थापनाका साथै अन्य किसिमका कार्यक्रम पनि अघि बढाउन मन्त्रालय सकारात्मक रहेको बताए । मन्त्रालयले पुरस्कारका लागि रु १० लाख बजेट विनियोजन गरेको र तीन विधामा दिइने उक्त पुरस्कार यसैवर्ष प्रदान गर्नका लागि आवश्यक कार्यविधि बनाइने प्रतिष्ठानका महासचिव बाबुराम आचार्यले जानकारी दिए ।

आर्थिक दूरावस्था र कठिनतम जीवनदशाका बीचबाट पनि बाबुरामको जीवन संघर्ष उत्कर्षतर्फ लम्कियो । विसं २००८ मा आचार्यलाई तत्कालीन राजा त्रिभुवनबाट 'इतिहास शिरोमणि'को पदवी प्रदान गरिएको थियो । विसं २०२० मा प्रज्ञा प्रतिष्ठानले त्रिभुवन पुरस्कार र २०२८ मा राजा महेन्द्रबाट 'गोर्खा दक्षिण बाहु' तेस्रो प्रदान गरिएको थियो । आचार्यको सम्मान स्वरुप हुलाक टिकट निकालिनुका साथै सडक मार्ग नामाकरण आदि काम भएका छन् ।

विसं १९६३ मा वनारसबाट प्रकाशित सुन्दरी पत्रिकामा प्रकाशित 'मालिनी विला' शीर्षकको कविता नै बाबुरामको प्रथम रचना थियो । उनले १९ वर्षको उमेरमा लेखेका थिए । आचार्यको ८५ वर्षको उमेरमा पहिलो साहित्य कृति 'तुलनात्मक सुन्दरकाण्ड' प्रकाशित भयो । आच(ार्यका 'भानुभक्त झ्यालखानामा र सगरमाथा वा झमो-लोङमा' जस्ता थुप्रै साहित्य र इतिहासलगायतका विविध विषयक लेख-रचना प्रकाशित भएका छन् । उनका ६३ वर्षको उमेरमा दुवै आँखा पूर्णतः निस्काम भई दृष्टवीहीन भए । काठमाडौंको सिनामंगलमा २९ फागुन १९४४ मा जन्मिएका आचार्यको २१ भदौ ०२९ मा निधन भएको थियो । रासस

# आजको राशिफल

ज्योतिषाचार्य रोदना घिमिरे
उपप्राध्यापक

आज मिति २०७७ साल फाल्गुन १ गते आइतवार प्रतिपदा तिथि फाल्गुन शुक्लपक्ष : सूर्योदय : ६: १७ सुर्यास्त : १८: ११ चैत्र संक्रान्ति ग्याल्पोलोसार ।

| | |
|---|---|
| मेष | आफ्ना काम कार्यमा वाधा आईपर्न सक्नेछ । |
| वृष | अतिथिको सेवा गर्ने मौका मिल्न सक्छ। |
| मिथुन | पारिवारिक मन ,मुटाव हुंदा मन दुःखी हुंन सक्छ। |
| कर्कट | राज्यको पक्षबाट भय को सामना गर्नुपर्ने हुंन सक्छ । |
| सिंह | किरा तथा विषको भय हुंन सक्छ सचेत रहनुपर्ला । |
| कन्या | मध्यम समय रहेको हुंदा सुख ,दुःख दुबै हुंन सक्छ। |
| तुला | शत्रु पक्ष कमजोर हुंदा मित्रजनबाट सुख मिल्न सक्छ। |
| वृश्चिक | नाता कुटुम्बजनबाट धोका हुंन सक्नेछ। |
| धनु | उदर पीडाले सताउँदा छट्पटी महशुस हुनेछ। |
| मकर | अशुभ समाचार सुन्नुपर्दा मानसिक तनाब वढ्नेछ। |
| कुम्भ | आमाको आशिर्वाद पाउँदा आफ्ना काम बन्नेछन्। |
| मीन | कुनै नयाँ कार्यको थालनी हुंन सक्नेछ। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| हृयाम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिङ्ग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

फागुन २७ गते, २०७७, ११ मार्च २०२१)

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १२१।७६ | १२२।३६ |
| युरो | १ को | १३३।२२ | १३३।८८ |
| पाउन्ड स्टर्लिङ | १ को | १५२।०० | १५२।७५ |
| स्विस फ्रैन्क | १ को | १२६।०९ | १२६।७१ |
| अस्ट्रेलियन डलर | १ को | ७७।२५ | ७७।६३ |
| क्यानाडियन डलर | १ को | ८७।२६ | ८७।६९ |
| सिंगापुर डलर | १ को | ८६।१८ | ८६।६० |
| जापानी येन | १० को | ११।२३ | ११।२९ |
| चिनियाँ युआन | १ को | १७।३१ | १७।३९ |
| साउदी अरब रियाल | १ को | ३२।३८ | ३२।५४ |
| कतारी रियाल | १ को | ३३।४४ | ३३।६१ |
| थाई भाट | १ को | ३।७३ | ३।७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३३।१५ | ३३।३१ |
| मलेसियन रिंगेट | १ को | २८।२५ | २८।३९ |
| दक्षिण कोरियन वन | १०० को | १०।०६ | १०।११ |
| स्विडिस क्रोनर | १ को | १२।२६ | १२।३२ |
| डेनिस क्रोनर | १ को | १७।८५ | १७।९३ |
| हङकङ डलर | १ को | १५।७१ | १५।७८ |
| कुवेती दिनार | १ को | ३९१।५२ | ३९३।४५ |
| बहराइन दिनार | १ को | ३२१।०२ | ३२२।६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**खोप लिँदै ज्येष्ठ नागरिक** तनहुँको शुक्लागण्डकी नगरपालिकास्थित खोप केन्द्रमा कोभिडविरुद्धको खोप लगाउँदै ९२ वर्षीय पुण्यप्रसाद न्यौपाने । शुक्लागण्डकी नगरपालिकामा ७ सय ८२ जना ६५ वर्षमाथिका ज्येष्ठ नागरिकले खोप लगाएका छन् ।

तस्वीर : रासस

# ‘पद गए पनि प्रधानमन्त्री ओलीको साथ छाँडिन्न’

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेकपा (एमाले) का नवमनोनित केन्द्रीय सदस्य तथा ऊर्जा, जलस्रोत तथा सिंचाईमन्त्री टोपबहादुर रायमाझीले अब सांसद र मन्त्री पद गए पनि आफूहरुले प्रधानमन्त्री केपी शर्मा ओलीको साथ नछाड्ने स्पष्ट पारेका छन् ।

शनिबार राजधानीमा आयोजना गरेको साक्षात्कारमा बोल्दै नेता रायमाझीले आफूहरुका लागि मन्त्री र सांसद पद ठूलो नभएको भन्दै सही विचार, सिद्धान्त र निष्ठाको राजनीति गर्ने र त्यो प्रधानमन्त्री ओलीसँग रहेकाले ओलीको साथ कुनै पनि हालतमा नछाड्ने स्पष्ट पारे ।

उनले प्रधानमन्त्री ओलीले देशको विकास र समृद्धिका लागि सही एजेन्डा बोकेकाले आफूहरु एमाले पार्टीभन्दा पनि ओलीको विचारको पछि लागेको प्रतिक्रिया दिएका छन् । उनले तत्कालिन नेपाल कम्युनिस्ट पार्टी (नेकपा) मा अन्तर्विरोध चर्किनुको कारण विचार र सिद्धान्तभन्दा पनि अर्को पक्षले पद र प्रतिष्ठाका लागि मात्रै विरोध गरेको टिप्पणी गरे ।

मन्त्री रायमाझीले अब आफूहरु कुनै पनि हालतमा नेकपा (माओवादी केन्द्र) मा नफर्किने दाबी गरेका छन् । उनले प्रधानमन्त्री ओलीलाई तत्कालिन नेकपा (आफ्नै पार्टी) बाट सरकार र पार्टी चलाउन अवरोध गरिएको पनि आरोप लगाए । देशलाई अस्थिरतरताबाट बचाउनका लागि बाध्य भएर प्रधानमन्त्री ओलीले संसद विघटन गरेको भए पनि अदालतबाट आपूहरुले मुद्दा हारेको रायमाझीले सुनाएका छन् । अर्को नेकपाको नामको विषयमा पनि आफूहरुले मुद्दा हारेको उनले सुनाए ।

उनले आफूले मोहनविक्रम सिंहको पार्टीबाट राजनीति सुरु गरेको भन्दै यो बीचमा विभिन्न कम्युनिस्ट घटक हुँदै माओवादीसम्म आइपुगेको र अहिले माओवादीबाट एमाले भएको सुनाए ।

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका प्रभावशाली नेता, सांसद तथा पूर्वमन्त्री डा. नारायण खड्काले प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारको विकल्प खोजिने भन्दै छिट्टै कांग्रेस, नेकपा (माओवादी केन्द्र) र जसपा नेपालबीच सरकार गठनबारे समझदारी हुने विश्वास दिलाएका छन् ।

नेता खड्काले संसद विघटनजस्तो प्रतिगमनकारी कदम चालेका प्रधानमन्त्री ओलीले अहिले पनि आफ्नो निरन्तरताका लागि प्रयास गरिरहेको सुनाए । तर, अब एमालेबाहेकका दलहरुको सरकार बनाउनुपर्ने उनले सुनाएका छन् । जनता समाजवादी पार्टी, नेपालका माग र मुद्दा सम्बोधन गर्नका लागि कांग्रेसले यसअघि पनि प्रयास गरेको भन्दै यसअघि संसदमा दर्ता भएको संविधान संशोधन प्रस्तावको पनि खड्काले चर्चा गरे ।

उनले अहिले पार्टीभित्र पनि सभापति शेरबहादुर देउवाकै नेतृत्वमा सरकार बनाउनुपर्छ भनेर आवाज उठेको र नेताहरुबीच सहमति भएको बताएका छन् । उनले कांग्रेस, माओवादी केन्द्र र जसपाको गठबन्धन बन्नेतर्फ सहमतिउन्मुख रहेको प्रतिक्रिया दिए । प्रधानमन्त्री ओलीबाट अझै प्रतिगमनको खतरा देखिएकोपनि उनले चित्रण गरे ।

नेकपा (माओवादी केन्द्र) का स्थायी कमिटी सदस्य तथा सांसद देवेन्द्र पौडेलले प्रधानमन्त्री केपी शर्मा ओलीले कसैलाई पनि म्यानेज गर्न नसक्ने ठोकुवा गरेका छन् । प्रधानमन्त्रीले संसद पुनर्स्थापना भएपछि तत्काल राजीनामा दिएर मार्गप्रशस्त गर्नुपर्नेमा त्यसो नगरी स्वेच्छाचारी ढंगले अघि बढेको उनको टिप्पणी छ ।

नेता पौडेलले नेकपा माओवादी केन्द्रबाट ओली सरकारमा मन्त्री बनेकाहरुलाई फिर्ता हुन लिखित निर्देशन दिइएको बताए ।

उनले अब नेपाली कांग्रेस, माओवादी केन्द्र र जसपा नेपालको संयुक्त सरकार बनाउनुपर्ने पनि धारणा राखेका छन् । उनले आफूहरुले सरकारको नेतृत्वको दाबी नगरेको पनि स्पष्ट पारे । उनले प्रधानमन्त्री ओलीले जसपाको माग र मुद्दा कुनैपनि हालतमा सम्बोधन नगर्ने पनि ठोकुवा गरे ।

जनता समाजवादी पार्टी, नेपालका शीर्ष नेता तथा संसदीय सुनुवाई समितिका सभापति लक्ष्मणलाल कर्णले आफ्नो पार्टी सबैसँग छलफलमा रहेकोले अहिले नेकपा (एमाले), नेपाली कांग्रेस र नेकपा (माओवादी केन्द्र) सँग निरन्तर छलफलमा रहेको बताएका छन् । आफूहरुले अघि सारेका माग र मुद्दा सम्बोधन हुनुपर्ने आफूहरुको मुख्य एजेन्डा रहेको पनि उनले सुनाए ।

नेता कर्णले आफूहरुसँगको छलफलमा प्रधानमन्त्री ओली सकारात्मक रहेको पनि प्रतिक्रिया दिए । उनले केपी ओलीलाई आफूहरुले कुनै भेद्भाव नगर्ने पनि टिप्पणी गरे । उनले आफूहरु संसदको पूरा कार्यकाल नै संसद चल्नुपर्छ भन्ने पक्षमा रहेको सुनाए ।

# ‘उदार आर्थिक नीतिले आर्थिक गतिविधि बढाउँछ’

■ प्रभाव संवाददाता



**दमौली–** नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं पूर्वअर्थमन्त्री डा.रामशरण महतले उदार अर्थ नीतिले देश विकास मात्र नभई आर्थिक गतिविधि बढाउने धारणा व्यक्त गरेका छन् ।

नेपाल वितरक महासंघ केन्द्रीय समितिको आयोजित नवौं वार्षिक साधारणसभाको उद्घाटन गर्दै डा.महतले उक्त कुरा बताउँदै भने, ‘उदार अर्थ नीतिले केवल देश विकास मात्र नभई आर्थिक गतिविधि बढाउनुको साथै रोजगारीको अवसरसमेत सिर्जना गर्छ ।’ उनले उदार अर्थ नीतिले आयआर्जनका अवसर सिर्जना गर्न सहयोग पुऱ्याउनुको साथै देशको राजस्व बढाउनका लागि पनि सहयोग हुने बताए । उनले भने, ‘उदार अर्थ नीतिको आवश्यक छ, किनभने आर्थिक गतिविधि बढाउने सरकारको मात्रै जिम्मेवारी होइन, सरकारले गर्नुपर्ने उपयुक्त काम सरकारले नै गर्नुपर्छ । बाँकी काम निजी क्षेत्रको पनि हो ।’

डा.महतले स्वदेशी पुँजी संरक्षण गर्दै व्यवसायीको हकहितका लागि सरकारले वातावरण सिर्जना गर्नुपर्नेमा जोड दिँदै राष्ट्रलाई समृद्धिको बाटोमा अगाडि बढाउन सबैबीच सहमति र सहकार्यको हुनुपर्ने बताए ।

उनले पूर्वाधार विकास, स्वास्थ्य, शिक्षा, गरिबी निवारण, सामाजिक सुरक्षाका काम सरकारले गर्नुपर्ने र उद्योगधन्दा बढाउन निजी क्षेत्रलाई प्रोत्साहन गर्नुपर्ने बताए । उनले सरकारले गैरसरकारी र सहकारी क्षेत्रलाई प्रोत्साहन गरेर मुलुक समृद्ध बनाउने वातावरण सिर्जना गर्नस्वदेशी र विदेशी पूँजीको लगानी वृद्धि गर्नुपर्ने बताए । साधारणसभामा ४४ जिल्लाका प्रतिनिधि र पर्यवेक्षक गरी करीब ५०० जना सहभागी छन् ।

# कोरोना रोकथामका नाममा भएको खर्चको छानबिन माग



**म्यागदी–** जिल्ला प्रशासन कार्यालय म्याग्दीले गत आर्थिक वर्ष ०७६/७७ मा कोरोना भाइरस रोकथाम र नियन्त्रणका लागि गरेको अस्वाभाविक र शंकास्पद खर्चमा पारदर्शीताको प्रश्न उठाउँदै सरोकारवालले छानबिनको माग गरेका छन् । कोरोना रोकथाम, नियन्त्रण र खोप अभियानका विषयमा जानकारी लिन शुक्रबार बेनी आएको गण्डकी प्रदेशसभाअन्तर्गतको अनुगमन समितिसँग जिल्लाका सरोकारवालाले प्रशासनले गरेको खर्चका बारेमा छानबिन गर्न माग गरेका हुन् ।

बजेट नै नभएको भन्दै प्रदेशले पठाएको बजेट लुकाउन खोजेको प्रशासनले सार्वजनिक कार्यक्रममै पटक-पटक प्रश्न उठेपछि ‘गोलमटोल’ शैलीमा ०७६ चैतदेखि ०७६ असार मसान्तसम्म १९ लाख ४७ हजार खर्च भएको सार्वजनिक गरेको थियो ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालयले सम्पूर्ण सुरक्षा संयन्त्रको परिचालन तथा व्यवस्थापनको सामूहिक प्रयासबाट कोरोना संक्रमणको जोखिम न्यूनीकरण गर्ने प्रयोजनका लागि ११ वटै जिल्ला प्रशासन कार्यालयलाई ०७६ चैत २५ गते १५ लाख र जेठ ३० गते पाँच लाख बजेट पठाएको थियो ।

कूल खर्चमध्ये जिल्ला प्रशासन कार्यालयले सञ्चार महसुल, इन्धन, सवारीसाधन मर्मत, अनुगमनका नाममा ११ लाख ८५ हजार खर्च गरेको छ । जिल्ला प्रहरी कार्यालयले तीन लाख ९४ हजार ६५९, श्रीबक्स गुल्मले एक लाख ४२ हजार ३१, सशस्त्र प्रहरी गुल्मले एक लाख २९ हजार २६२ र राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालयमार्फत ५८ हजार ७४७ र अन्य कार्यालयको सवारीसाधन इन्धन तथा अनुगमनमा समेत गरी ३७ हजार १९५ खर्च गरेको थियो ।

चार महिनाको अवधिमा प्रशासन तथा सुरक्षा निकायको नियमित बजेटबाहेक अतिरिक्त भएको यो खर्च अस्वाभाविक र शंकास्पद देखिएको नेकपा (एमाले) म्याग्दीका अध्यक्ष हरिकृष्ण श्रेष्ठले बताए । ‘क्वारेन्टिन, आइसोलेशन निर्माण र व्यवस्थापनमा स्थानीय तहले पनि छुट्टै खर्च गरेका छन्,’ उनले भने, ‘त्यत्रो बजेट आउँदा क्वारेन्टिन र आइसोलेसन राखिएका ठाउँको पानी बिजुलीको महसुल र आवासका सामग्री बेचेका व्यापारीलाई भुक्तानी नगरी इन्धन, सवारीसाधन मर्मत र भ्रमण भत्तामा खर्च गरिनुमा प्रश्न र शंका उठेको छ ।’

बैठकमा सहभागी जनप्रतिनिधि र राजनीतिकर्मीले कोरोना रोकथाम र नियन्त्रणमा प्रशासनबाट भएको खर्चको स्वतपत्र जारी गर्न माग गरेका छन् । शैक्षिक तालीम केन्द्रको आइसोलेसनमा ७८ हजार र न्यु वेष्ट पोइन्टको क्वारेन्टिनमा ८० हजार पानीको बिल उठेको थियो । म्याग्दी क्याम्पस, माउन्ट एभरेष्टलगायत शैक्षिक संस्थामा क्वारेन्टिन र आइसोलेशन सञ्चालन हुँदाको पानी र बिजुलीको बिल भुक्तानी भएको छैन ।

महसुल नतिरेपछि शैक्षिक तालीम केन्द्रको आइसोलेशनमा पानीको लाइन काटेको बेनी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाका अध्यक्ष माधवप्रसाद रेग्मीले बताए । ‘प्रदेश सरकारले पठाएको बजेट लुकाएर पालिकालाई बिल भुक्तानी गर्न दबाब दिएको प्रशासनले बनाएको क्वारेन्टिन र आइसोलेशनको पानी र बिजुलीको बिल किन तिरेन ?’ संसदीय टोलीसँग उनले प्रश्न गरे, ‘यस विषयमा सरकारले छानविन र प्रशासनले स्वतपत्र जारी गर्नुपर्छ ।’

बेनी नगरपालिकाका प्रमुख हरिकुमार श्रेष्ठ र प्रमुख प्रशासकीय अधिकृत छविलाल सुवेदीले प्रशासनले आफूखुसी खरिद गरेका सामग्रीको बिल भुक्तानीका लागि पालिकालाई अनुचित दबाब दिएको बताए । कोरोना रोकथाम र नियन्त्रणका लागि क्वारेन्टिनको खर्च स्थानीय तहले, आइसोलेशनको व्यवस्थापन बेनी अस्पतालले, किट व्यवस्थापन र स्वाब संकलनको अगुवाइ स्वास्थ्य कार्यालयले र अनुगमन तथा समग्र पक्षको समन्वय र सहजीकरण प्रशासनको नेतृत्वमा रहेको जिल्ला संकट व्यवस्थापन केन्द्रले गरेका थिए ।

प्रमुख जिल्ला अधिकारी गणेशबहादुर अधिकारीले आफू भर्खरै मात्र सरुवा भएर आएको भन्दै खर्च विवरणका बारेमा बुझेर सार्वजनिक गर्ने प्रतिबद्धता जनाए । गण्डकी प्रदेशका सभामुख नेत्रनाथ अधिकारी, एमालेका सांसद रोशन गाहमगर, कांग्रेसका मणिभद्र शर्मा कँडेलले प्रशासनले गरेको खर्चका विषयमा उठेको प्रश्नका विषयमा सरकारको ध्यानाकर्षण गराउने बताए ।

स्वास्थ्य कार्यालयका प्रमुख एकनारायण लम्सालले कोरोना रोकथाम, नियन्त्रण, व्यवस्थापन र कोरोनाविरुद्धको खोप अभियानको प्रगति विवरण प्रस्तुत गरेका थिए । अनुगमन टोलीसँग जिल्लाका सरोकारवालाले बेनी अस्पतालको ५० शैया क्षमताको भवन निर्माण अलपत्र परेका विषयमा ध्यानाकर्षण गराएका थिए । सहभागीले कोरोना रोकथामका लागि गरिएको लकडाउनका समयमा प्रशासनका कर्मचारीले व्यापारीबाट खरिद गरेको सामग्रीको भुक्तानी नगरेको र संक्रमितको उपचारमा खटिएका स्वास्थ्यकर्मीले तोकिएको सुविधा नपाएका विषयमा पनि ध्यानाकर्षण गराएका थिए । रासस

## संक्षिप्त

### सिजी डेभलपर्ससँगको लिज सम्झौता भंग

**काठमाडौं (प्रस)–** राष्ट्रिय सहकारी विकास बोर्डले सिजी डेभलपर्सलाई दिएको जग्गाको लिज सम्झौता भंग गरेको छ । ललितपुर महानगरपालिका-३ पुल्चोकस्थित बोर्ड कार्यालय परिसरमा रहेको १४ रोपनी जग्गा सस्तो मूल्यमा दिएको भन्दै विरोध भएको थियो ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री डा. शिवमाया तुम्बाहाङ्केको अध्यक्षतामा शुक्रबार बसेको बैठकले सिजीलाई ३० वर्षका लागि १४ रोपनी जग्गा लिजमा दिने सम्झौता भंग भएको हो ।

बोर्डले ४ माघ ०७१ मा सिजी डेभलपर्सलाई लिजमा दिएको थियो । सिजीले सम्झौताबमोजिम नक्सा पास नगरी जग्गा ओगटेर मात्रै राखेन, कबुल रकम पनि दिएन । ‘जसले हालसम्म बोर्डलाई करोडौं रकम घाटा भएको छ,’ बोर्डको निर्णयमा भनिएको छ । सम्झौताको पालना गर्न पटक पटक ताकेता गर्दा पनि अटेर गरेपछि बोर्ड सम्झौता भंग गर्न बाध्य भएको बताइएको छ ।

### लागुऔषध सहित पक्राउ

**काठमाडौं(प्रस)–** दक्षिणकाली नगरपालिका-५ बाट नियन्त्रित लागुऔषध नाइट्राभेट १ हजार ५ सय ट्याब्लेट सहित सर्लाही बसवरिया गाउँपालिका-८ बस्ने २१ वर्षीय राधेश्याम यादव र सोही ठाउँ बस्ने २४ वर्षीय रन्जित यादवलाई शुक्रबार प्रहरीले पक्राउ गरेको छ । बा.३७ प ६७६३ नम्बरको मोटरसाइकललाई अस्थायी प्रहरी चेकपोष्ट फर्पिङबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनीहरुलाई उक्त परिमाणको लागुऔषध सहित फेला पारी पक्राउ गरेको हो ।

सुनसरी, धरान उपमहानगरपालिका-५ रमाइलो चोकबाट नियन्त्रित लागुऔषध नाइट्रोसन १ सय ५१ ट्याब्लेट, स्पास्मो प्रोक्सिभन ६४ ट्याब्लेट र डाइलेक्स डिसी १२ बोतल सहित सोही ठाउँ बस्ने ३३ वर्षीय पेम्वा शेर्पालाई शुक्रबार प्रहरीले पक्राउ गरेको छ । विशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय धरान र १ नम्बर प्रदेश प्रहरी कार्यालय विराटनगरबाट खटिएको प्रहरीले शेर्पाको घरमा तलासी गर्दा उक्त परिमाणको लागुऔषध फेला पारी उनलाई पक्राउ गरेको हो ।

### मृत अवस्थामा फेला

**काठमाडौं(प्रस)–** काठमाडौं महानगरपालिका-८ पशुपतिस्थित हंशमण्डप जंगलमा हाल नाम थर, वतन नखुलेको अन्दाजी ५० वर्षीय पुरुष शुक्रबार मृत अवस्थामा फेला परेका छन् । यसैगरी काठमाडौं, टोखा नगरपालिका-१ स्थित मालुङबाट साङ्ला जाने बाटोको सडकमुनि रहेको बाँसको झ्याङमा मोरङ बेलबारी घर भएका २५ वर्षीय आशिष लिम्बू शनिबार मृत अवस्थामा फेला परेका हुन् ।

यस्तै, ललितपुर महानगरपालिका-१५ खुमलटार राउत गाउँ बस्ने ४२ वर्षीय कृष्णहरि राउत आफ्नै घरमा शनिबार मृत अवस्थामा फेला परेका छन् ।

कैलाली, गोदावरी नगरपालिका-५ गेटास्थित सडकको नालामा कन्चनपुर भिमदत्त नगरपालिका-५ बनगाउँ बस्ने ५२ वर्षीय मोहन चन्द शनिबार मृत अवस्थामा फेला परेका हुन् ।

भोजपुर, पौवादुम्मा गाउँपालिका-१ श्यामशिला बस्ने ५० वर्षीय भविन्द्र वहादुर तामाङ सोही ठाउँस्थित उत्तिस बारीमा शुक्रबार मृत अवस्थामा फेला परेका छन् ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# गरिबलाई खै समेटेको ?

आफू प्रधानमन्त्रीमा नियुक्ति हुनेबित्तिकै अब राजनीतिक मुद्दाहरु सकिएकाले अब आर्थिक मुद्दा मात्र अघि बढ्ने भनेर भनेको वाक्यहरुलाई जनताले बिर्सेका छैनन् । तर, अझै पनि राजनीतिक मुद्दालाई नै अघि बढाएर विकासको नारालाई ओझेलमा पारिएको छ । समृद्धिको नाममा जनतामाथि ऋणको थुप्रो बोकाउने काम भएको छ । नेपालको विकास हेरेर विश्व चकित परेको भनेर प्रधानमन्त्रीले बारम्बार भनिरहेका छन् । तर, देशमा तेत्रो विधि विकास भएको देखिएको छैन । बरु तीन तहको सरकार बन्नेबित्तिकै अनियमितताका लहर हरुले मुलुकलाई नै गाँजेको छ । खासगरी स्थानीय तहको आर्थिकदेखि नीतिगत अनियमितताको कुरा गर्ने हो भने जो कोही पनि रिङ्टा लाग्छ । यत्तिको अनियमिता रोक्ने मात्र हो भने मुलुक विकासका लागि विदेशीको ऋण लिनुपर्ने आवश्यक छैन । तर, सरकारले वैदेशिक ऋण लिँदै अनियमितता गर्ने काम गरेको छैन । बरु, उनीहरुलाई राजनीतिक दलको ट्याग लगाउँदै छुट दिने काम भइरहेको छ ।

जनताको नाममा नेताहरुले राजनीति गरिरहेका छन् । मुलुकमा गणतन्त्रको स्थापना भए कानुनी शासन आएको भनेर भनिरहँदा यहाँ अरु छोटेराजाहरुको प्रवेशले जनतामा आतंक मच्चिएको छ । गरिबीका कारण जनताले आत्महत्याको बाटो रोज्न पुगेका छन् । यस्तो अवस्थाप्रति सरकारलाई नै मतलब छैन । नेताहरुले कुर्सी पाए पुग्ने भएपछि जनताको गरिबीसँग अनभिज्ञ देखिएका छन् । सरकारले समृद्ध नेपाल, सुखी नेपाली भनेर भनिरहेको छ । खासमा नेता र उसका वरिपरि बस्नेहरुको मात्र समृद्ध भइरहेको छ । के केही व्यक्तिको आर्थिकस्तर बढ्दैमा समृद्धि आयो त ? समाजमा धनी र गरिबको खाडल झन्झन बढिरहेको छ । सरकारले धनी वर्गका लागि मात्र काम गरिरहेकाले जनताले झन् दुःख पाइरहेका छन् ।

अहिले वैदेशिक ऋण हरेक व्यक्तिलाई आधा लाखभन्दा बढी पुगेको छ । यत्तिका ऋण रकम कहाँ र कुन कुन शिर्षकमा खर्च भयो ? सरकारले जनतालाई देखाउनुपर्छ । देशको ढुकुटी मात्र नभएर वैदेशिक ऋण लिँदै अनियमितता गर्ने काम रोकिएको छैन । केही मुट्ठीभर व्यक्तिहरुको आर्थिकस्तर माथि पुग्दैमा मुलुक समृद्धिको बाटोमा अघि बढेको मान्न सकिँदैन । तर, सरकारले अनियमितता रोक्नेभन्दा पनि आफूनिकटलाई जति सक्छौ लुट भनेर भनिरहेको देखिन्छ । समग्र मानव समाज सामाजिक न्यायसहितको सभ्यताको उचाइमा अग्रसर भएमात्र सोही आधारमा समृद्धिलाई नाप्न सकिन्छ तर त्यस्तो नभएर यहाँ प्रधानमन्त्रीको मुखैमा रहेको समृद्धिले जनतालाई जिस्क्याइरहेको छ । समृद्धि केलाई भन्ने ? केही मुट्ठीभर व्यक्तिहरु अर्बपति, खर्बपति भए अरु धेरै व्यक्तिहरुले सामान्य मानवीय सुविधा त प्राप्त गरे तर धनी र गरिबको दूरी सामाजिक न्यायको स्तर, मानिसको चेतनाको स्तर र सभ्यताको स्तरमा अन्तर पर्‍यो भने त्यसलाई समृद्धि भन्न सकिँदैन । आर्थिक मुद्दालाई पहिलो प्राथमिकता राख्ने प्रतिवद्धता जाहेर गरेका प्रधानमन्त्रीबाट नै मुलुकका राजनीतिक अवस्थालाई गिजोल्ने काम गरेकाले उनी नै जनताको पक्षमा छैनन् भन्ने देखिन्छ ।

# केटाको 'योग्यता' सोध, जात नसोध



▶▶ यमुना अर्याल (काफ्ले)

**अहिले यिनै बुवाको फेरिएको बोली र आधुनिक सोचले पुरानो घटनालाई पुनर्ताजकीकरण गर्न बल पुग्यो । आफैँले आफैँलाई प्रश्न गर्न मन लाग्यो, दिदी र बहिनीमा कति अन्तर हो बुवा ? तपाईंलाई पहिलोपटक बाउ बन्ने सौभाग्य दिने त्यही छोरी हो जसलाई तपाईंले आफैँले रोजेर केटो खोजेकै कारण माइतीको ढोकामा प्रवेश निषेध गराउनु भयो । त्यही प्रवेश निषेध गराएका ज्वाइँले नै हो तपाईंलाई अल्सर हुँदा काठमाडौंको अस्पतालमा कुरूवा बसेर उपचार गराइदिएको । तपाईंले सायद चिन्नु भएन होला तर तिनै अपरिचित युवाले तपाईंलाई अस्पतालमा रेखदेख गरे, उपचार गरे त्यो कुरा तपाईंको सानो छोरालाई प्रष्टैसँग थाहा छ, भलै उसले तपाईंलाई सबै कुरा बताएनन् होला । तपाई बिरामी भएको थाहा पाएपछि जेठी छोरीले नै यो सब गर्न पठाएकी थिइन् ।**

'कोरोना महामारीका कारण कसैलाई कार्ड पठाउन पाइएन, फोनबाटै निम्तो गरियो है ।' बेहुलीका बुवाको बाध्यात्मक आशय थियो यो । कोरोना महामारीकै कारण विवाहमा प्रत्यक्ष उपस्थित हुन सकिएन । भलै विवाहको बारेमा जानकारी चाहिँ मिल्यो । विवाहको तयारीमा जुटेका बेहुलीका बुवालाई प्रश्न गरेँ, 'अनि हुनेवाला ज्वाइँको घर कता हो ? के थरका हुन् नि ? अनि के काम गर्ने हुन् ? बहिनी त मास्टर्स पढेकी छ, नर्स पनि हो ।'

मेरो प्रश्नमा बेहुलीका बुवा एकैछिन रोकिए । फेरि सोधेँ, 'के भो र बुवा ? किन रोकिनु भएको ?'

'खै नानी, के भनौँ, के नभनौँ ? आजकालका केटाकेटीलाई हामी बाउआमाले जोडी खोज्नु पर्छ र ? आजकालका केटाकेटी सबै निर्णय आफैँ गर्छन् । तिम्री बहिनीको पनि त्यही हो, केटाको जातभात नसोध, केटाको कमाइ राम्रो रहेछ, गरिखाने केटो भनेपछि ओ के गरियो नानी ।

केटाको घर त हाम्रोभन्दा धेरै टाढै हो, अहिलेको जमानामा जहाँ पनि गाडी पुगिहाल्छ कहाँ को के भन्ने कुरा रह्यो र ? नानी, अर्को कुरा हाम्रो परिवारमा विवाहको विषयलाई लिएर निकै विवाद भयो, असमझदारी पनि भयो तर अन्त्यमा तिम्रै बहिनीको जित भयो । जात मिल्दैन, केटाको र हाम्रो फरक यति हो । जातै नमिले पनि केटाको कमाइ राम्रो रहेछ, बानीव्यहोरा पनि यसो हेर्दा आँकलन गर्दा ठिकै लाग्यो, छोरीले त्यो केटाबाहेक कसैसँग बिहे गर्दिनँ भनेर अड्डी कसेपछि कस्को के लाग्यो र ?

एकातिर कोरोनाको महामारी छ धेरै आफन्तलाई बोलाउने कुरा पनि भएन अर्कोतिर कार्ड छाप्दा सबै तीनपुस्ते व्यहोरा खुलाउनुपर्ने, किन ? कोही नपाएर तिमीहरूलाई राईको छोरा नै चाहिने ? यावत् प्रश्नहरू आउलान् भनेर हामीले कार्ड छापेनौँ, नजिकका आफन्तलाई फोनमा निम्तो दिइरहेका छौँ,' बुवाले विवेचनात्मक शैलीमा उत्तर दिए ।

यी बुवाको फेरिएको बोली र संस्कारका कुरा सुनेर आफैँ अचम्ममा परेँ । मलाई निम्तो गर्ने मेरो एकदम मिल्ने साथीका बुवा हुन् । उनकी छोरी र म सँगैका साथी भएकाले पनि उनीहरूका हरेक गतिविधिमा मलाई सकभर छुटाउँदैनन् । यिनी तिनै बुवा हुन्, जसले मेरी साथीले आफ्नै जातको केटासँग प्रेम विवाह गरेको निहुँमा २ वर्षसम्म माइतीको ढोकामा भोटे ताल्चा लगाएका थिए ।

बहिनीलाई नर्स पढाउने बाउआमा नभएर मेरै साथीको जोडबल थियो । दिदीको करमा बहिनीले नर्स पढेकी हो । मेरी साथी जो आफूले प्राइभेट अफिसमा जागिर गर्थी तर उसले रोजेको केटा आफ्नै जातको भए पनि सरकारी जागिर खाएका थिएनन् । त्यही कारणले बाउआमाले उसलाई मन पराएनन्, उनीहरूलाइ ज्वाइँ स्वीकार गर्न मात्रै झन्डै तीन वर्ष लाग्यो ।

विवाहको तेस्रो वर्षमा नातिनी जन्मेपछि आफन्तको करकाप, साथीका श्रीमान्को सरकारी जागिरमा नाम निस्किएका कारण बल्लतल्ल स्वीकार गरेका हुन् । यति कट्टर बुवा कान्छी छोरीको विवाहमा यति धेरै लचक कसरी भए ? बाहुनभित्रै त जात र उपजातको व्याख्या गर्ने बुवा एकैचोटि राईको छोरालाई ज्वाइँ बनाउन मन्जुर भएको कुरा अग्रगामी छलाङै थियो भन्दा फरक पर्दैन । यो निरन्तरताको क्रम भंगता थियो क्रान्तिकारी शैलीमा भन्नुपर्दा ।

तर, अहिले यिनै बुवाको फेरिएको बोली र आधुनिक सोचले पुरानो घटनालाई पुनर्ताजकीकरण गर्न बल पुग्यो । आफैँले आफैँलाई प्रश्न गर्न मन लाग्यो, दिदी र बहिनीमा कति अन्तर हो बुवा ? तपाईंलाई पहिलोपटक बाउ बन्ने सौभाग्य दिने त्यही छोरी हो जसलाई तपाईंले आफैँले रोजेर केटो खोजेकै कारण माइतीको ढोकामा प्रवेश निषेध गराउनु भयो । त्यही प्रवेश निषेध गराएका ज्वाइँले नै हो तपाईंलाई अल्सर हुँदा काठमाडौंको अस्पतालमा कुरूवा बसेर उपचार गराइदिएको । तपाईंले सायद चिन्नु भएन होला तर तिनै अपरिचित युवाले तपाईंलाई अस्पतालमा रेखदेख गरे, उपचार गरे त्यो कुरा तपाईंको सानो छोरालाई प्रष्टैसँग थाहा छ, भलै उसले तपाईंलाई सबै कुरा बताएनन् होला । तपाई बिरामी भएको थाहा पाएपछि जेठी छोरीले नै यो सब गर्न पठाएकी थिइन् ।

कट्टर बाहुनकी छोरीले राईको छोरालाई मन पराउँदा राजीखुसी विवाह गर्दिनँ तयार हुनु भएको तपाईंको सोच, तपाईंका आफन्तजनको बदलिएको आधुनिक शैली र छोरीको चाहनाअनुसार आफ्नो सोचाइ बदल्नु भएकोमा धेरै खुसी लाग्यो । बुवा तपाईं हिजो जेठी छोरीको विवाहको बेलामा जति कट्टर हुनु भाको थियो आज कान्छी छोरीको विवाहको बेलामा धेरै नै फेरिनु भएछ । जेठी छोरी जो मेरो निकै मिल्ने साथी थिई, उसको विवाहको कुरा गर्दा मैले पनि तपाई र तपाईका आफन्तजनको हप्कीदप्की सहेकै हो ।

जेठी छोरीको विवाह गर्दा नमिल्ने कुरा केही पनि थिएन । सबैभन्दा ठूलो समस्या जातको सवालमा उठ्ने गर्थ्यो, दुवै जनाको जात मिल्थ्यो, पढाइको स्तर मिल्थ्यो, दुवै परिवारको आर्थिक हैसियत मिल्थ्यो तर तपाईंका आफन्तजनले अधिकांश सरकारी जागिर खाएका थिए, तपाईंकी छोरीले विवाह गर्ने निधो गरेको केटाको त्यही सरकारी जागिरको ट्याग मात्रै थिएन तै पनि आफ्नो खुट्टामा त उभिएका थिए नि होइन र ? कान्छी छोरी नर्स, उसले रोजेको केटा अर्को जातको, केटाको घरनिकै टाढा तर पनि खुसी भएर विवाहको निम्तो दिएकोमा निकै खुसी लाग्यो । मैले साथीलाई फोन गरेँ, 'तिम्रो हुनेवाला बहिनी ज्वाँइ के काम गर्ने हुन् र ? बुवाले विवाहको निम्तो दिनुभएको छ ।'

साथी एकैछिन बोलिनन् । त्यसपछि भन्न थाली, 'हेर साथी मेरो पालामा जस्तो होइन । तिमीलाई राम्रोसँग थाहा छ, जातभातको कुरा केही होइन रहेछ, पद, पैसा, पावरको पछि यी सब भन्ने कुरा मात्रै हुन् भन्ने कुरा बल्ल थाहा पाउँदै छु । यो एउटा प्रतिनिधि घटना हो, यस्ता घटनाहरू हाम्रो समाजमा हरेक दिन हरेक क्षण भइरहन्छन् । यस्ता प्रतिनिधि घटनाले के देखाउँछन् भने समाज, आफन्त, निकटका जो जसलाई हामी आफ्ना भन्छौँ नि उनीहरू सबै बलेको आगो ताप्ने पात्र मात्रै हुन् ।

आगो बलेको हुनुपर्छ त्यहाँ जातभातको कुरा आउँदैन, धनी गरिबको कुरा आउँदैन, कुन जाति सम्प्रदायको भन्ने कुरा आउँदैन आगोको राप हुन्जेल सबैजना ताप्छन्, न्यानोको अनूभूति गर्छन्, जब आगो निभ्दै जान्छ अनि अघि राप लिएकाहरू आफैँ परपर हुन्छन् । हाम्रो सोच पनि यस्तै हो, केटो गरिखाने लाग्यो, विदेशको पिआरवाला केटो भयो, राम्रो पद, प्रतिष्ठा भएको हुनासाथ सबै कुरा गौण हुन्छन् । यी नर्स बहिनीको सवालमा पनि भएको यही हो ।

केटो अमेरिकामा बस्ने, उतैको ग्रिनकार्ड भएको । नेपालमा ठूलो व्यवसायिक घराना, एक वर्षभित्रमा छोरीलाई पनि अमेरिकामै सेटल बनाउने आशय, छोरी ज्वाइँ नै अमेरिकामा भएपछि बाउआमाको नाक घिरौंलाभन्दा सानो हुने कुरा भएन । यत्रो सानका पछाडि सामान्य जागिर खाएको आफ्नै जातको केटाको के हैसियत होला र भन्ने ठाने होलान् बाउआमाले । यदि यसो नहुँदो हो त जेठी छोरीको बिहेमा किन त्यत्रो विभेद हुन्थ्यो होला ?

आफ्नै कुलको केटा रोज्दा पनि जेठी छोरी टाढिइन् तर आफ्नोभन्दा अर्कै जातको केटा रोज्दा पनि कान्छी छोरी हाइहाइ छिन् । यो सब पैसा र पद र पावर रहेछ । अन्त्यमा भन्न मन लाग्यो, जातभातका कुरा गर्दै नगर । यी त सब भन्ने कुरा न हुन् । पद, पैसा र पावर छ भने जसले जसरी विवाह गर्दा पनि यहाँ बाजा बजाइन्छ, धूमधामसँम मन्डप सजाइन्छ र आफन्तजनको वाहीवाही सुन्न पाइन्छ । आफ्नै बाउआमाले आफ्नै छोरीमा अलग व्यवहार गर्छन् भने समाज, टोलको कुरा गर्दै नगर ।

सायद, अधिकांश बाउआमा जो आफ्ना छोरीले मन पराएका खानदानी केटा जो अन्तर्जातीय परिवारभित्रका हुन् उनीहरूको बारेमा एउटै जवाफ फर्काउँछन् होला, के गर्नु जमाना कहाँबाट कहाँ पुगिसक्यो ? जातभातको कुरा के गर्नु ? छोरीको खुसी नै हाम्रो खुसी हो । केटो गरिखाने लाग्यो, केटाको कमाइ राम्रो लाग्यो, केटो खानदानी लाग्यो, केटो विदेशको पिआरवाला लाग्यो आँखा चिम्लेर हुन्छ भन्यौँ । उनीहरूको खुसीका लागि हामी किन बाधक बन्ने ?

पदयात्रामा स्थानीय जनप्रतिनिधिलगायत करिब २०० को सहभागिता रहेको धुलिखेलस्थित नेपाली सेनाको कालीजंग गणले जनायो । प्रधानसेनापति महारथि पूर्णचन्द्र थापाको र धुलिखेल नगरप्रमुख अशोक ब्याञ्जूले संयुक्तरूपमा धुलिखेलस्थित पर्यटकीय देवीस्थानडाँडामा निर्मित राष्ट्र निर्माता पृथ्वीनारायण शाहको पूर्णकद शालिकको अनावरण गरी झण्डोत्तोलन गरे । नेपाल एकीकरणका दौरान काभ्रेपलाञ्चोकमा अवस्थित गढी, किल्ला, कोट, दरबार तथा प्रयोग गरिएको बाटोलाई प्रवर्द्धन गरी 'ट्रेकिङ ट्रेल'का रूपमा विकसित गर्ने योजनाका साथ पहिलो चरणमा पदयात्रा कार्यक्रमको आयोजना गरिएको गणपति मिलन थापाले बताए ।

थापाका अनुसार पदयात्रा धुलिखेलस्थित ब्यारेकबाट बुरु भई देवीस्थान (काभ्रे-कोट) हुँदै शारदाबतासे, चौकोटबाट ऐतिहासिक नगरी पनौतीस्थित इन्द्रश्वर महादेव मन्दिरमा अपराह्न समापन गरिएको हो । गणले राष्ट्र निर्माता पृथ्वीनारायण शाहले १८०३ देखि १८२० सम्म काठमाडौं र काभ्रेपलाञ्चोक जिल्ला एकीकरण अभियानमा प्रयोग गरिएका विभिन्न पदमार्ग पहिचान गरी एउटा पदमार्गमा पदयात्रा कार्यक्रमको आयोजना गरिएको गणपति थापाले जानकारी दिए । गत वर्ष धुलिखेलस्थित तत्कालीन विष्णुदल गणले 'भ्रमण वर्ष-२०२०' लक्षित 'युनिफिकेसन ट्रेकिङ ट्रेल' प्रवर्द्धन योजना तथा पदयात्रा कार्यक्रम कोरोना भाइरस संक्रमणको जोखिमका कारण रोकिएको थियो ।

एकीकरण पदमार्गलाई 'ट्रेकिङ ट्रेल'का रूपमा विकसित गर्ने योजनाका साथ काभ्रेपलाञ्चोकमा छवटा पदमार्ग पहिचान गरिएको छ । विष्णुदल गणले एकीकरण पदमार्ग पहिचान संरक्षण, संवर्द्धन र सैनिक इतिहास प्रवर्द्धन गर्ने उद्देश्यले छवटा पदमार्ग पहिचान गरेको थियो । विष्णुदल गण रसुवा र कालीजंग गण धुलिखेल सरुवा भएपछि कालीजंग गणले उक्त योजनालाई पूर्णता दिन थालेको हो ।

उक्त कार्यक्रममा काभ्रेपलान्चोक जिल्ला समितिका जिल्ला संयोजक तथा अध्यक्ष उद्धव के.सी., उप संयोजक मन्जु गौतम, धुलिखेल नगरपालिकाको मेयर अशोक बेन्जु, पनौती नगरपालिकाको मेयर भीम न्यौपाने, प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमल्सिना, सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी कार्यालयका प्रतिनिधि, सशस्त्र प्रहरी कार्यालयका प्रतिनिधि, राष्ट्रिय अनुसन्धान कार्यालयका प्रतिनिधिलगायत नेपाली सेनाका रथी तथा अधिकृतहरुको सहभागिता रहेको थियो ।

उक्त पदमार्गका दौरान धुलिखेल नगरपालिकाको देवीस्थानमा पृथ्वीनारायण शाहको सालिक अनावरण भएको थियो भने पनौतीको ऐतिहासिक इन्द्रेशोवर मन्दिर प्रांगणमा आई कार्यक्रम सम्पन्न भएको थियो । समापनको क्रममा पनौती संग्राहलयका राजेन्द्र महाजुले पनौतीको ईतिहासबारे प्रकाश पारेका थिए । उक्त पदमार्गमा पर्ने सर्वसाधारण, उद्योगी व्यवसायीलगायत स्थानीय संघसंस्था एवं सरोकारवालाहरुले देखाएको आत्मीयता, उल्लासपूर्ण सहभागिताले राष्ट्रिय एकता, सैनिक इतिहास एवं पर्यटन प्रबर्द्धनमा समेत थप टेवा पुग्ने विश्वास नेपाली सेनाले लिएको छ ।

# कांग्रेस आन्तरिक किचलोमै छ : नेता पौडेल



■ प्रभाव संवाददाता

**बागलुङ–** नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले कांग्रेस अहिले पनि आन्तरिक किचलोमा नै अड्किरहेको भन्दै दुःख व्यक्त गरेका छन् । नेपाल शिक्षक संघले आयोजना गरेको गण्डकी प्रदेशस्तरीय दोस्रो र तेस्रो प्रतिनिधिसभामा उनले कांग्रेस आन्तरिक किचलोमा फसेको बताउँदै सबै मिलेर पार्टीलाई जोगाउनुपर्ने अवस्था आएको बताए ।

उनले लोकतन्त्र र कांग्रेस दुवै संकटमा रहेको बताउँदै नेपाल मुलुक नै संकटमा रहेको बताएका छन् । उनले राष्ट्रको संकट बचाउन कांग्रेस सक्षम भए पनि आन्तरिक किचलो अन्त्य गर्न आवश्यक रहेको बताए । उनले पार्टी सभापति शेरबहादुर देउवाको कारण कांग्रेसभित्र किचोलो बढिरहेका कारण पार्टी सभापति र कांग्रेस पार्टी आफैँले समीक्षा गर्ने बेला आएको बताए । उनले देशलाई जोगाउन पहिला कांग्रेस आफैं सच्चिन आवश्यक रहेको समेत बताए ।

कम्युनिस्ट फुटेर चिराचिरा पर्दासमेत कांग्रेसप्रति जनता आउन नसक्नुका पछाडि कांग्रेसको नेतृत्त्व नै कमजोरी रहेको भन्दै अब सच्चिएर जानुपर्ने बताउँदै कांग्रेसको उपचारमाथिबाट नभएर तलबाटै गर्न आवश्यक रहेको बताए ।

उनले अब माथिबाट कांग्रेस नसुध्रिने संकेत गर्दै जनस्तरबाटै उपचार विधि खोज्न आग्रह गरे । देशको हित हुन्छ भने देउवाको नेतृत्त्वमा कांग्रेस सरकारमा जान तयार रहेकोसमेत बताए ।

त्यस्तै वरिष्ठ नेता पौडेलले नेपाल प्रेस युनियन बागलुङद्वारा आयोजित पत्रकार भेटघाटमा राजनीतिमा देखिएका विकृतिबाट देशलाई जतिसक्दो चाँडो मुक्त गर्नुपर्ने धारणा राखे ।

उनले यो या त्यो बहानामा पार्टीको महाधिवेशन पछाडि धकेल्दै जानु दुर्भाग्यपूर्ण भएकोसमेत बताए । उनले कांग्रेसको महाधिवेशन समयमा नहुँदा नेपालको लोकतान्त्रिक प्रणाली नै कमजोर बनेको भन्दै अहिले महाधिवेशन गरेर बस्न पाएको भए कांग्रेसले राष्ट्रको नेतृत्त्व गर्ने राम्रो मौका आएको बताए । तर आज कांग्रेस आफैं अधिवेशनविहीन अवस्थामा र अलपत्र पारिएको अवस्थामा भएका कारण यो मौका गुमाएको उनको भनाइ थियो ।

विकसित राजनीतिक परिस्थितिमा कांग्रेसको काँधमा महत्त्वपूर्ण अभिभारा आएकोले ससंदीय प्रक्रियाबाटै राष्ट्रलाई निकास दिइने उनले बताए ।

## संक्षिप्त

### विभिन्न हातहतियारसहित पक्राउ

**बाँके(प्रस)–** राप्ती सोनारी गाउँपालिका-५ जबरपुर बस्ने ६८ वर्षीय ऋषिराम थारुलाई दुईनाले १२ बोरको बन्दुक १ थान, भरुवा बन्दुक २ थान, १२ बोरको खोका ३८ वटा, काटेको गोली १२ वटा, बारुद १ केजी, फलामको नाल २ थान, चित्तलको सिङ ४ वटा र बदेलको दाँत १ वटा सहित शनिबार दिउँसो प्रहरीले पक्राउ गरेको छ ।

विशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय बैजापुरबाट खटिएको प्रहरीले ऋषिरामको घर तलासी गर्दा उक्त हातहतियार फेला पारी उनलाई पक्राउ गरेको हो । साथै थप अनुसन्धानको क्रममा सोही कार्यालयबाट खटिएको प्रहरीले ऋषिरामका भाइ लालबहादुर थारुको घर तलासी गर्दा १ थान कटुवा पेस्तोल, थ्रीनटथ्री राइफलको गोली २ थान, एसएलआर राइफलको गोली १ थान र भरुवा बन्दुकको खाली नाल १ थान फेला पारी बरामद गरेको छ । हाल फरार लालबहादुरको खोजी गर्नुका साथै यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### जबरजस्ती करणी गर्ने पक्राउ

**मोरङ(प्रस)–** ८ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा रतुवामाई नगरपालिका-४ सिंगारी बस्ने ६० वर्षीय फुदिया मुखियालाई शुक्रबार दिउँसो प्रहरीले पक्राउ गरेको छ ।

मुखियाले ती बालिकालाई सोही ठाउँस्थित बाँसघारीमा लगि जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय सिजुवाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

### स्रोत नखुलेको रूपैयाँसहित पक्राउ

**पर्सा(प्रस)–** पर्सा जिल्लाको वीरगन्ज महानगरपालिका-१६ शंकराचार्य गेट इलाकाबाट शनिबार स्रोत नखुलेको १९ लाख ५१ हजार १ सय २० नेपाली रुपैयाँसहित एक जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा भारतको पूर्वी चम्पारण जिल्ला रक्सौल नगरपालिका-२१ घर बताउने ३६ वर्षीय राजेशकुमार साह छन् । उनलाई सशस्त्र प्रहरी बल, नेपाल बोर्डर आउट पोस्ट वीरगन्जबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको हो ।

भारतबाट नेपालतर्फ आउँदै गरेका निज साहलाई प्रहरीले शंका लागी जाँच गर्दा उनले शरीरमा बाँधेर लुकाइछिपाई ल्याउँदै गरेको उल्लेखित रुपैयाँ फेला परेपछि पक्राउ गरिएको हो ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

**मोरङ(प्रस)–** ८ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा रतुवामाई नगरपालिका-४ सिंगारी बस्ने ६० वर्षीय फुदिया मुखियालाई शुक्रबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । मुखियाले ती बालिकालाई सोही ठाउँस्थित बाँसघारीमा लगि जबर जस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय सिजुवाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

यस्तै, १४ वर्षीया बलिकालाई जबरजस्ती करणी गरेको अभियोगमा डडेल्धुराको पर्शुराम नगरपालिका-५ वसकोईरा बस्ने २८ वर्षीय बलबहादुर पुनमगरसमेत ४ जनालाई शुक्रबार बिहान प्रहरीले पक्राउ गरेको छ ।

बलबहादुरसमेत ५ जनाले ती बालिकालाई ५/६ महिना अगाडिदेखि ललाई फकाई विभिन्न प्रलोभन देखाई पटक-पटक जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी शिर्षबाट खटिएको प्रहरीले उनीहरुलाई पक्राउ गरेको छ । उक्त घटनामा संलग्न हाल फरार रहेका सोही ठाउँ बस्ने २४ वर्षीय डम्फु सिजालीको प्रहरीले खोजी गरिरहेको छ ।

# 'केन्द्रको असफलता कर्णालीले नक्कल गर्न हुँदैन'

**कर्णाली–** कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर सुर्खेतको सुन्दर एवं प्रसिद्ध पर्यटकीयस्थल बुलबुले उद्यानमा 'कर्णाली उत्सव-कुडा कर्णालीका' को दोस्रो दिन 'सुर्के थैली' मूल शीर्षकमा रहेर पाँच वटा विषयमाथि बहस भएको छ । ऋति फाउन्डेसन, सुर्खेतद्वारा आयोजित उत्सवको दोस्रो संस्करणको सो बहस पनि कर्णालीको वास्तविक यथार्थतामा केन्द्रित रहेको थियो ।

बहस केन्द्रित भएका विषय थिए, ' कर्णाली घुमाउटो पड्यो,' 'पढ्नु पड्डो छः साक्षर शिक्षित र प्राज्ञिक कर्णाली,' ' प्रांगारिक प्रयास,' 'पुईंसाका कुडा थैलीदेखि बैंकसम्म' र 'कर्णाली-प्रणाली (योजना, पूर्वाधार र लगानी)' । ती विषयमाथिको छलफल तथा विचार विमर्श आकर्षक भएको थियो । 'कर्णाली घुमाउटो पड्यो' विषयक बहसमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा.डा.पुष्पराज कँडेल, योजनाविद् डा.दिनेशचन्द्र देवकोटा, कर्णाली प्रदेश योजना आयोगका सदस्य योगेन्द्र शाहीसँग सामाजिक विकास अभियन्ता डा.रेणु अधिकारीले छलफल गरिन् ।

आयोगका उपाध्याक्ष प्रा.डा.कँडेलले विगतको कर्णालीको सवल इतिहास कायम गर्न यसलाई 'माउन्टेन ग्रिन इकोनिमक' बनाउनुपर्ने बताए भने योजनाविद् तथा आयोगका पूर्वउपाध्यक्ष डा.दिनेशचन्द्र देवकोटाले कर्णालीको विकास घुमाउरो नभएर घुम्टोभित्र छोपिएको कर्णालीको घुम्टो उठाउनसके नेपाल सरकारले लिएको समृद्धिको राष्ट्रिय आकांक्षा पूरा हुने दाबी उनले गरे । बहसमा कर्णाली प्रदेश योजना आयोगका सदस्य योगेन्द्र शाहीले च्यारिटी मोडेलमा विकास गर्न खोजिँदा कर्णालीपछि परेको तर्क गरे । सामाजिक अगुवा डा.रेणु अधिकारीले सहजीकरण गरेकी उक्त बहसको निचोड गौरवशाली विरासत बोकेको कर्णालीको विकास अनिवार्य सर्त बनाइनुपर्ने भन्ने थियो ।

दोस्रो सत्रमा 'पढ्नु पड्डो छः साक्षर शिक्षित र प्राज्ञिक कर्णाली,' शीर्षकमा राजनीतिकर्मी तथा शैक्षिक अगुवा मिलन पाण्डे, वीरेन्द्रनगर नगरपालिकाका उपप्रमुख मोहनमाया ढकाल र शैक्षिक अभियान्ता




शान्ता दाहालसँग पत्रकार सूर्यमणि गौतमले सहजीकरण गरे ।

बहसमा कर्णालीको वर्तमान शिक्षा अवस्था, खासगरी स्थानीय सरकारले शिक्षामा गरेको लगानी र त्यसको प्रतिफलका बारेमा छलफल भयो । बहसमा उपप्रमुख ढकालले आफूलाई पढ्नेभन्दा पनि अरुलाई पढ्ने शिक्षा प्रणालीले मुलुकले अपेक्षा गरेको जनशक्ति उत्पादन नहुने तर्क गरिन् । शैक्षिक अगुवाद्वय पाण्डे र दाहालले खासमा शिक्षकको असफलताले बालबालिका असफल हुने अर्थ्याउँदै यसमा सम्बन्धित निकाय गम्भीर हुनुपर्नेमा जोड दिए ।

उत्सवको दोस्रो दिनको तेस्रो सत्र ' प्रंगरिक प्रयास'शीर्षकमा पत्रकार गणेश कञ्चन भारतीको सहजीकरणमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव डा राजेन्द्रप्रसाद मिश्र, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव मोहनदेव जोशी, कुमाख गाउँपालिका सल्यानका अध्यक्ष दिलमाया बुढामगर र खाद्य अधिकारकर्मी सुरेशकुमार गौतमले बहस गरे ।

यसमा कृषि सचिव डा.मिश्रले कर्णाली प्रदेश सरकारको १४ फागुन ०७४ को गरेको मन्त्रिपरिषद् बैठकले प्रांगारिकखेती र प्रदेश बनाउने दीर्घकालीन योजना र यात्रातय गर्ने निर्णयबमोजिम कर्णालीमा ' प्रांगारिक प्रयास' थालिएको बताए । उनले १२औं शताब्दीदेखिको प्रांगारिक कर्णाली विगत २० वर्षदेखि मात्र रासायनिक माग भएकाले सरकारले प्रांगारिक प्रदेश बनाउने अभियान अघि बढाएको तर्क राखे ।

उद्योग सचिव मोहनदेव जैसीले ३८ प्रतिशत वनक्षेत्र ओगटेको कर्णालीमा ३०० प्रजातिका जडीबुटीमा १०० प्रजाति मात्र प्रयोगमा आएको बताए । वन र जडीबुटीबाट आर्थिक समृद्धि ल्याउन सकिने भन्दै उनले कागजमा कार्यान्वयन भएजस्तो देखिए पनि क्रियाकलापमा त्यस्तो नभएको टिप्पणी गरे । अध्यक्ष बुढामगर तथा अधिकारकर्मी गौतमले श्रम र उत्पादनसँग जोडिए मात्र नागरिकको खाद्य अधिकार सुरक्षित हुने र सरकारको 'प्रांगारिक प्रयास'ले सार्थकता पाउने बताए ।


चौंथो सत्रमा 'पुईंसाका कुडाः थैलीदेखि बैंकसम्म' शीर्षकमा रहेर टीकाराम यात्रीको सहजीकरणमा राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, प्रभु बैंकका प्रमुख कार्यकारी अधिकृत अशोक शेरचन, नबिल बैंकका महाप्रबन्धक मनोज ज्ञावली र सनराइज बैंक सुर्खेतका प्रबन्धक सुष्मा गिरीले बहस गरे । सो बहसमा प्रमुख कार्यकारी अधिकृतद्वय श्रेष्ठ र शेरचनले कर्णालीमा स्रोत नभई सोचको अभाव भएको जिकिर गरे । बैंकले जलविद्युत्, कृषि, पर्यटन, साना तथा मझौला उद्योगमा लगानी गरिरहेको जनाउँदै अधिकृतद्वयले कर्णालीमा यसको दायरा बढाउनुपर्ने कुरा औंल्याए ।

नायब महाप्रबन्धक ज्ञावलीले बैंक वित्तीय मध्यस्थकर्ताको काम गर्ने जनाउँदै सेवाग्रहीलाई दुःख नदिएर सेवा प्रवाह गर्दै आएको यद्यपि सबैको पहुँचमा वित्तीय संस्था नरहेको स्विकारे । प्रबन्धक गिरीले भने पछिल्लो समयमा वित्तीय पहुँचमा पनि महिलाको सहभागिता बढेको जनाए ।

पाँचौं सत्रमा भने पत्रकार राजेन्द्र बानियाँको सहजीकरणमा पूर्वाधारविद् डा.शंकरप्रसाद शर्मा, डा नम्रता पाण्डे, नेपाल सरकारका सहसचिवद्वय घनश्याम उपाध्याय र धनीराम शर्मासँग 'कर्णाली-प्रणाली (योजना, पूर्वाधार र लगानी)' शीर्षकमा बहस केन्द्रित बन्यो । बहसका क्रममा डा.शर्माले कर्णालीमा सेवा सुविधा नहुँदा सरकारका प्रशासक आउन नमान्ने गरेको खुलासा गरे ।

जलविद्युत्, पर्यटन, कृषि र जडिबुटीको प्रशस्त सम्भावना हुँदा पनि यसको बाधक भूगोल र सोच नै भएको उनको भनाइ थियो । सहसचिव धनीराम शर्माले व्यवस्थाको केन्द्र अभ्यास नै असफल बनेको टिप्पणी गरे । यद्यपि केन्द्रको असफलता कर्णालीले नक्कल गर्न नहुनेमा उनको जोड थियो । उनले परीक्षण परियोजनाबाट कर्णालीमा योजना सुरु गरिनुपर्नेमा जोड दिए ।


त्यस्तै सहसचिव उपाध्यायले कर्णालीको राजमार्ग धोतीजस्तो बनाएर काम चलाउ गर्नुमा राज्यकै कमजोरी रहेको दोषारोपण गरे । अवैज्ञानिक बजेट, योजना र कार्यक्रम निर्माणमा नेतृत्त्व तह भागेदार रहेको उनको भनाइ थियो । डा.पाण्डेले भने पूर्वाधार र विकासको सूचकमा कर्णालीपछि परेको भन्दै विकासको मूल प्रवाह ल्याउने दीर्घकालीन सोचमा यो देशको नीति निर्माण र कार्यान्वयन तह रहेर काम गर्ने इमान्दार भएर जानुपर्ने सुझाव दिए । रासस



## 'अस्पताल' युट्युबमा

लोकगायक विष्णु खत्रीको लोकदोहोरी गीत 'अस्पताल' आत्तै युट्युब च्यानलमार्फत सार्वजनिक भएको छ। गीतमा गायक खत्री र गायिका शान्तिश्री परियारको स्वर छ। शब्द र संगीतसमेत गायक खत्रीकै रहेको गीतको भिडियो दिलीप रेग्मीको निर्देशनमा बनेको हो। भिडियोमा कलाकार सारिका केसी, विमल केसीलगायतको अभिनय देख्न सकिन्छ।






# 'कमजोरी सच्याउन दोस्रो पार्ट'

■ प्रभाव संवाददाता

**काठमाडौं–** सामान्यतया विश्वमै 'हिट' चलचित्रको मात्र सिक्वेल बन्ने गरेका छन्। फ्लप चलचित्रहरूको 'सिक्वेल' बन्ने गरेको उदाहरण उतिसारो भेटिने गरेको छैन। त्यस्ता चलचित्रका निर्माता तथा निर्देशकहरू चलचित्रको अरु भाग बनाएर लगानी तथा निर्देशकीय क्षमतामाथि प्रश्न उठ्ने जोखिम मोल्न तयार हुने गरेका छैनन्।

तर, नेपालमा पछिल्लो समय 'फ्लप' मानिएका चलचित्रहरूको 'सिक्वेल' बन्न थालेका छन्। चाँडै 'फ्लप' चलचित्र 'छड्के' को 'सक्वेल' बन्दैछ। अर्को फ्लपमध्ये कै एक चलचित्र 'लप्पन छप्पन' को सिक्वेल २७ चैतमा रिलिज हुँदैछ। असफल मानिएका नेपाली चलचित्रका निर्माता तथा निर्देशकहरू भने अघिल्लो पटक भएको गल्ती सच्याउन भन्दै 'सिक्वेल' निर्माणमा जुटेका हुन्।

'फ्लप' भएको 'लप्पन छप्पन' को सिक्वेल बन्नुको कारणबारे निर्देशक मुकुन्द भट्टले भनेका छन्, 'लप्पन छप्पन' हिट होइन। निर्देशकको रूपमा मलाई नै मन नपरेको चलचित्र हो। हामीले सीमित बजेटमा विदेशमा अनुमति लिएर चलचित्र खिचेका थियौं'। नेपालमा गरिरहेको बानीले सजिलै होला भन्ने सम्झेका थियौं तर सेटमा पुगेपछि धेरै कुरामा कम्प्रमाइज हुँदै गयो। जसोतसो चलचित्र तयार गरेर रिलिज गरियो। त्यसमा धेरै गल्ती भएका थिए।'

'लप्पन छप्पन' मा भएको कमजोरीलाई सच्याउन दोस्रो पार्ट बनाएको उनको जिकिर छ। उनी अगाडि भन्छन्, 'पहिलो पार्टमा जुन कम्प्रमाइज मैले गरेँ, त्यसलाई परिपूर्ति गर्न कथा खोज्न थालेँ। यसका लागि दुई वर्ष लाग्यो। पहिला चलचित्रमा दुई निर्माता मात्र जोडिएका थिए। कम्प्रमाइज नगरी खिच्दै जाँदा निर्माताहँ बढे। तर, मैले जे सोचेको थिएँ त्यो कुरा यसमा उतार्न पाएको छु।'

पहिलोमा भएको कमजोरी दोस्रोमा देख्न नपाउने उनको भनाइ छ। उनी दाबीका साथ भन्छन्, 'धेरै त भन्दिनँ, ५ प्रतिशतले 'वान' भन्दा 'टू' राम्रो बनेको छ।' पहिलो पार्टमा लागेको दागलाई 'लप्पन छप्पन २' बाट मेटाउन सक्नेमा उनी विश्वस्त देखिएका छन्। कोरोनाका कारण धरासयी बनेको चलचित्र क्षेत्रलाई उठाउन आफूले चलचित्र रिलिज गर्ने साहस गरेको निर्देशक भट्टको भनाइ छ।

# नृत्य निर्देशक संघको सल्लाहकार छनोट




■ प्रभाव संवाददाता

**काठमाडौं–** नृत्य निर्देशक संघ काठमाडौं शाखाले केही वरिष्ठ नृत्य निर्देशकलाई सल्लाहकारमा मनोनयन गरेको छ। शनिबार काठमाडौंमा आयोजित शुभकामना आदानप्रदान कार्यक्रममा संघको सल्लाहकार सदस्यहरूको घोषणा गरिएको हो।

संघले वरिष्ठ नृत्य निर्देशकहरू प्रेम लोप्चन, कमल राई, खेलबहादुर लामा, केपी पौडेल, वीरबहादुर लामा, धनबहादुर लामा, रोचक थापा रामजी र अरुण घिमिरेलाई सल्लाहकार सदस्यमा मनोनयन गरेको हो।

कार्यक्रममा प्रमुख अतिथि तिर्थबहादुर लामाले जिन्दगीको अमूल्य क्षण व्यतीत गरेका नृत्यका अग्रजहरूले नै आ-आफ्नो नृत्यमा मौलिकता जोगाएका बताएका छन्। उनले भने, 'लोकतान्त्रिक पद्दतिमा नै हाम्रो संस्कृति संरक्षण हुने हो। हाम्रो स्वतन्त्रपूर्वक हक संरक्षण हुनेछ। यस क्षेत्रका नक्षत्रलाई राज्यले व्यवस्थित गर्नुपर्ने जरुरत रहेको छ।'

यसैगरी केन्द्रीय अध्यक्ष भुवनदास श्रेष्ठले 'राष्ट्रिय नृत्य दिवस २०७८' मा घोषणा गर्ने तयारीमा लागिरहेको जानकारी दिएका छन्। वरिष्ठ लोक नृत्य निर्देशक खेलबहादुर लामाले जति नृत्य गरे पनि मौलिक प्रस्तुतिले मात्र उत्कृष्ट बन्ने धारणा राखेका छन्। नयाँ शैलीको नाममा गरिने अस्वभाविक नृत्य 'पानीको फोका' मात्रै हुने उनको भनाइ छ।

वरिष्ठ नृत्य निर्देशक एवं अनुसन्धाता केपी पौडेलले नागेश्वरीका अंश मानवदेखि विभिन्न मण्डलले बोकेका बताए। उनले भने, 'राज्यले सम्बन्धित क्षेत्रमा नियुक्ति गरेको छैन। नृत्य क्षेत्रमा पनि त्यस्तै भएको छ।'

यसैगरी वरिष्ठ नृत्य निर्देशक एवं सेलो गायक प्रेम लोप्चनले विश्वले हेरिरहेको बेलामा हाम्रो नृत्यलाई मेहनतका साथ व्यवस्थित गर्दै लैजानुपर्ने बताए। वरिष्ठ नृत्य निर्देशक कमल राईले चरित्र, स्वभाव, लगाव र चाह बोकेर सैद्धान्तिक रूपमा अघि बढेमात्रै आफ्नो पहिचान देखाउन सकिने धारणा राखेका छन्।

शाखा अध्यक्ष बुद्ध तितुङ लामाको सभाध्यक्षतामा भएको उक्त कार्यक्रममा केही नृत्य सिकाउने व्यक्तिहरूलाई सदस्यता वितरण गरिएको थियो।



## मेयर कप क्रिकेट

# पुलिस च्याम्पियन




■ प्रकाश न्यौपाने

**काठमाडौं–** काठमाडौं मेयर कप एकदिवसीय क्रिकेट प्रतियोगिताको उपाधि नेपाल पुलिस क्लबले जितेको छ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा शनिबार भएको फाइनल खेलमा पुलिस क्लबले सशस्त्र प्रहरी बलको एपीएफ क्लबलाई आठ विकेटले पराजित गर्दै उपाधि हात पारेको हो।

उपाधिसँगै पुलिस क्लबले रु पाँच लाख पुरस्कार प्राप्त गरेको छ। उपविजेता एपीएफ क्लबले रु तीन लाख पुरस्कार प्राप्त गरेको छ। टस जितेर ब्याटिङ गरेको एपीएफ क्लबले नेपाल पुलिस क्लब सामु जितका लागि १०६ रनको झिनो लक्ष्य प्रस्तुत गरेको थियो। एक सय ६ रनको विजय लक्ष्य पुलिस क्लबले २४ दशमलव एक ओभरमा दुई विकेट गुमाएर पूरा गऱ्यो।

पुलिस क्लबका लागि सुनिल धमलाले अविजित ५९ रनको योगदान दिए। उनले ८२ बल खेल्दै दुई छक्का र सात चौका प्रहार गरे। यस्तै दिपेन्द्रसिंह ऐरीले अविजित ११, कुशल भुर्तेलले १५ तथा अनिल साहले १५ रन बनाए। बलिङतर्फ एपीएफका अभिनाश बोहरा र भुवन कार्कीले एक/एक विकेट लिए।

यसअघि ब्याटिङ गर्ने क्रममा एपीएफ क्लबले २९ दशमलव चार ओभरमा सबै विकेट गुमाउँदै १०५ रन मात्र बनायो। एपीएफले पाँच रनमा पहिलो विकेट गुमाएको थियो। टोलीको स्कोर १० रन छँदा उसले आफ्ना तीन महत्वपूर्ण विकेट गुमाउन पुग्यो। शङ्कर राना चार रनमा तथा आसिफ शेख र शरद भेषवाकरबिना कुनै रन पेभेलियन फर्किए।

यस्तै भुवन कार्कीले १४, सन्दीप जोराले १८, वसन्त रेग्मीले २२, अभिनाश बोहराले १२ तथा अमर रौटेलाले १८ रन बनाए। बलिङतर्फ गुल्सन झा र सागर ढकालले चार/चार विकेट लिए। यस्तै पवन शर्राफ र ललित राजवंशीले एक एक विकेट लिए।

प्रतियोगितामा पुलिस र एपीएफसँगै नेपाली सेनाको त्रिभुवन आर्मी क्लब, वाग्मती प्रदेश र काठमाडौं मेयर ११ सहभागी थिए।

## प्रथम साइनो खुल्ला मेयरकप ब्याडमिन्टन

# फाइनलमा दीपेश र प्रिन्स भिड्दै

■ प्रभाव संवाददाता



**दीपेश र प्रिन्स उपाधीका लागि भिड्ने**

**भोजपुर–** एपिएफका दिपेश सिंह धामी र सिल्क ग्रुपका प्रिन्स दाहाल प्रथम खुल्ला साईनो मेयर कप ब्याडमिन्टन प्रतियोगिता २०७७ को उपाधी निकट पुगेका छन्।

राष्ट्रिय च्याम्पियन दिपेशले फाईनल प्रवेश गर्ने क्रममा सेनाका रुकेश महर्जन माथि २११४, २११७ को जित निकाले भने बिश्व जुनियरको बरियतामा तेश्रो नम्बरमा रहेका प्रिनसले प्रतियोगितामा दोश्रो बरियता पाएका पुलिसका बिष्णु कटुवाल माथि २११५, २११२ को जित निकाले।

शनिबार साङ्गलास्थित साईनो स्पोर्टस् हलमा भएको प्रतियोगितामा दिपेशले सेनाका रुकेश महर्जन माथि को जित निकाल्दै उपाधीका लागि प्रिन्स संगको भेट पक्का गरेका हुन्। प्रिन्सले पुलिसका बिष्णु कटुवाललाई ले पराजित गर्दै फाईनल प्रवेश गरेका हुन्।

साईनो स्पोर्टस् हलको आयोजना तथा तारकेश्वर नगरपालिकाको प्रायोजनामा भएको प्रतियोगिताको महिला एकल तर्फ बिभागिय टोली त्रिभुवन आर्मी क्लबका अमिता गिरी र अनुमाया राईले उपाधीका लागि प्रतिस्पर्धा गर्ने भएका छन्। अमिताले धादिङ्गकी तारा आलेलाई २११९, २११४ ले र राईले एपिएफकी शोभा गौचनलाई २११८, २१११२ ले पराजित गर्दै फाईनल यात्र तय गरेका हुन्।

पुरुष युगल तर्फ हिमालय क्लबका बिशाल बस्नेत र झापाका प्रनिश सिंह ठकुरी फाईनल प्रवेश गरे। उक्त जोडीले सूर्खेतका नरेन्द्र बम र चण्डोलका शिव थापाको जोडीलाई २१११६, २१११२ ले पराजित गर्दै उपाधीका लागि आयोजक साईनोको अभिषेक बोस र सुजन थापाको जोडी संगको भेट पक्का गरे। बोस र थापाको जोडीले गण्डकी ब्याडमिन्टन क्लबका सनम खपाङ्गी र हिरा राईको जोडीलाई २१११७, २१११३ ले पराजित गरे।

पुरुष युगल ४५ को प्रतिस्पर्धामा जेष्ट ब्याडमिन्टन एकेडेमीका श्याम पराजुली र नविन बाबु श्रेष्ठको जोडी जित निकाल्दै फाईनल प्रवेश गरे। उक्त जोडीले युनिक स्पोर्टस्का अनिल कुमार लाखे र पाल्पाका महेश बज्राचार्यको जोडीलाई २१११३, २१११९ ले पराजित गरे। अर्को प्रतिस्पर्धामा पर्फेक्ट फिटनेश क्लबका पूर्ण हरि होना र संजय कपालीको जोडीले ललितपुरका सुमन महर्जन र सुनिल मान शाक्यको जोडीलाई २१।९, २१११३ ले पराजित गर्दै उपाधीका लागि जेष्टका श्याम र नविनको जोडी संग प्रतिस्पर्धा गर्ने भएका छन्।

पुरुष युगल बी तर्फको प्रतिस्पर्धामा सूर्यदर्शनका दीपक राना र संजय श्रेष्ठको जोडीले सेनाका हिमाल चन्द र सन्तोष पनेरुको जोडी माथि १५।२१, २१११८, २१११८ को जित निकाल्दै फाईनल प्रवेश गरे। यस्तै अर्को खेलमा गण्डकीका तिलक छन्त्याल र हिरा राईको जोडीले चितवन ब्याडमिन्टन संघका साजकुमार गुरुङ्ग र साईनोका सुजन थापाको जोडीलाई २१११९, १९।२१, २२।२० ले पराजित गरे।

पुरुष युगल सी तर्फको खेलमा टोखा युग क्लबका क्षितीज खनाल र अमन महर्जन तथा किर्तिपुरका दिप्रिस मुन बज्राचार्य र निखिल भट्टको जोडी फाईनल प्रवेश गरेका छन्। खनाल र महर्जनको जोडीले बुटवलका किरण बिष्ट र चितवन जिल्ला ब्याडमिन्टन संघका राजकुमार गुरुङ्गको जोडीलाई १५।२१, २१११०, २१११७ ले तथा दिप्रिस र निखिलको जोडीले गोकर्णेश्वरका लोक बहादुर लामा र गणेश श्रेष्ठको जोडीलाई २१११५, २१११७ को सहज जित निकाले।

# म्यान्मारका नागरिकलाई अमेरिका बस्न अस्थायी अनुमति



**वासिङ्टन–** अमेरिकाले राजनीतिक संकटमा फसेको म्यान्मारका नागरिकलाई अमेरिका बस्न अस्थायी अनुमति दिने भएको छ । म्यान्मारमा गत फेब्रुअरी १ मा सेनाले सत्ता विद्रोह गरेपछि आन्दोलन र अशान्ति भइरहेकाले त्यहाँका नागरिकलाई राष्ट्रपति जो बाइडेनको प्रशासनले अमेरिका बस्न अस्थायी अनुमति दिने भएको हो ।

'सैन्य सत्ता विद्रोह र देश भित्र अशान्ति मच्चिएकाले देशका धेरै ठाउँमा मानवीय संकट पैदा भएको छ, त्यसैले हामीले उनीहरुलाई अमेरिका बस्न अस्थायी अनुमति दिन लागेका छौँ,' गृहमन्त्री अलेजान्द्रो मायोर्कासले भने । सरोकारवाला निकायहरुसँग परामर्श गरेर मन्त्रालय सो निर्णयमा पुगेको पनि उनले जानकारी दिएका छन् ।

'म्यान्मारमा भइरहेको आन्दोलन र अशान्तिका कारण कसैले म्यान्मार छोडेर केही समयका लागि अमेरिका आउन चाहन्छन्, वा अमेरिकामा रहेका तर म्यान्मार फर्किन चाहेका छैनन् भने उनीहरुलाई केही समय संरक्षकत्व दिन सकिन्छ,' उनले भने ।

यो व्यवस्था मार्च ११ पछि आवतजावत गर्नेहरुलाई लागू हुने निर्णय भएको पनि गृहमन्त्री मायोर्कासले जानकारी दिएका छन् । म्यान्मारमा भएको सैन्य विद्रोहप्रति अमेरिकासहित विश्वका धेरै देशहरुले आपत्ति जनाउँदै लोकतान्त्रिक व्यवस्था कायम गर्न आह्वान गरेका छन् ।

डेढ महिनादेखि भइरहेको आन्दोलनका क्रममा अहिलेसम्म कम्तीमा ६० जनाको मृत्यु भएको छ भने एक हजार ८०० भन्दा बढी गिरफ्तार भएका छन् तर आन्दोलन जारी छ । (रासस/एएनआई)

# एकैदिन ८६ हजार संक्रमित



**रियो दि जेनेरियो–** ब्राजिलमा कोरोनाभाइरसबाट एकैदिन झण्डै ८६ हजार जना संक्रमित भएका छन् । यो संख्या एकैदिनमा धेरै संक्रमित भएको मध्ये दोस्रो धेरै भएको अधिकारीहरुले जानकारी दिएका छन् ।

अधिकारीहरुका अनुसार शुक्रबार ब्राजिलमा ८५ हजार ६६३ जना संक्रमित भएका हुन् । यसअघि गत जनवरी ७ मा एकैदिनमा ८७ हजार ८४३ जना संक्रमित भएका थिए । ब्राजिलमा कोरोनाभाइरसबाट अहिलेसम्म कुल एक करोड १३ लाख ६३ हजार ३८० जना संक्रमित भएका छन् ।

त्यसैगरी पछिल्लो २४ घन्टामा ब्राजिलमा दुई हजार २१६ जनाको मृत्यु भएको छ भने अहिलेसम्म कुल मृतकको संख्या दुई लाख ७५ हजार १०५ पुगेको छ ।

ब्राजिलमा कोरोना महामारीका विरुद्धमा लड्नको लागि अस्पताल र खोपहरुले विस्तारै प्रगति भएपनि मृत्यु हुनेको संख्या भने अझै घटेको छैन । कोरोना भाइरस महामारीका कारण भएको मृत्युमा विश्वमा नै दोस्रो स्थानमा रहेको स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ ।

कोरोना भाइरसको संक्रमणको कारण सबैभन्दा बढी अमेरिकामा मृत्यु भएको छ । ब्राजिलमा कोरोना संक्रमणको दैनिक तथ्यांकअनुसार गत मार्च ३ मा यसबाट एकै दिनमा एक हजार ९०० को मृत्यु भएको थियो ।

सार्वजनिक स्वास्थ्य संस्था फिओक्रुजले मंगलबार सार्वजनिक गरेको प्रतिवेदनअनुसार ब्राजिलका २७ ओटा प्रान्तीय राजधानीमा २५ ओटा राजधानी शहरका स्वास्थ्य संस्थाका आकस्मिक कक्ष ८० प्रतिशतभन्दा बढी भरिएका बताइएको छ ।

कोभिड-१९ विरुद्धको उपचार तथा अन्य प्रक्रियामा २०२० को अन्त्यतिर ब्राजिलमा प्रभावकारी देखिएको थियो, तर पनि सन् २०२१ को पहिलो आधाआधीमा भने यहाँ महामारीको फैलावट निकै बढेको थियो ।

**२० लाखलाई कोरोना खोप**

यसैबीच, भारतमा एकैदिनमा २० लाखभन्दा बढीलाई कोरोनाभाइरस विरुद्धको खोप लगाइएको छ । शुक्रबारको यो संख्या अहिलेसम्मकै सबैभन्दा धेरै भएको पनि अधिकारीहरुले शनिबार जानकारी दिएका छन् ।

योसँगै भारतमा अहिलेसम्म २० लाख ५३ हजार ५३७ मात्राको कोरोना विरुद्धको खोप लगाइएको छ । त्यसमध्ये १६ लाख ३९ हजार ६६३ जनाले पहिलो चरणको खोप लगाएका छन् भने अरु चार लाख १३ हजार ८७४ जनाले दोस्रो चरणको खोप पनि लगाएर लाभान्वित भएका छन् ।

भारतमा ५६ दिन अगाडिदेखि कोरोनाविरुद्धको खोप लगाउन थालिएको हो । खोप लगाउन देशभरी ३० हजार ५६१ ठाउँमा खोप केन्द्र स्थापना गरिएको छ ।

कुल प्रयोग भएको खोप मध्ये आठ प्रदेशमा ७४ प्रतिशत खोप प्रयोग भएको छ । एजेन्सी

# सिरियाली गृहयुद्धका दश वर्ष, शान्तिको आसा अझै धुमिल

■ सोमनाथ लामिछाने

**काठमाडौं–** सेहम हामुले सन् २०१६ मा इराकको डोउमास्थित घरमा क्षेप्यास्त्र आक्रमण हुँदा आफ्ना पति, छोरा र नातिनी गुमाइन् । सिरियाली राजधानी नजिक विद्रोहीको बलियो उपस्थिति रहेको डोउमामा विगत दश वर्षको अवधिमा भीषण लडाईं भएका छन् । अहिले ७४ वर्ष पुगिसकेकी सेहमले छोराका चार बालबच्चा, एउटी बिधवा छोरी र माहिली छोरी ज्वाइँ र उनीहरुका बालबच्चाको हेरचाह गर्ने जिम्मेवारी छ । सिरिया गृहयुद्धको १० वर्षका बारेमा रोयटर्समा छापिएको यो एउटा प्रतिनिधि घटना मात्र हो ।

लोकतन्त्र र उदार शासन प्रणालीका निम्ति खाडी राष्ट्रका नागरिकले सन् २०११ मा शुरु गरेको बहुचर्चित 'अरब स्प्रिङ'का नामले परिचित अरब क्रान्तिले खाडी मुलुकहरुमा केही सुधार त ल्यायो, तर सिरिया, लिबिया जस्ता मुलुक गृहयुद्धको दलदलमा दशौं वर्षदेखि नराम्रोसँग फसेका छन् । सिरियामा मार्च १५, २०११ मा शुरु भएको जनताको स्वाभाविक विरोध प्रदर्शन सिरियाली राष्ट्रपति बसार अल असदको क्रुर दमनको चपेटामा परेको थियो, र त्यो आज पर्यन्त जारी छ । देशी, विदेशी शक्तिकेन्द्रको क्रिडाभूमिमा परिणत भएको यो गृहयुद्ध बहुआयामिक छ, र अरब क्षेत्रमै सैनिक र सामरिक दृष्टिबाट निकै शक्तिशाली मानिने सिरियालाई अहिले छिन्नभिन्न पारेको छ ।

**कसरी शुरु भयो गृहयुद्ध ?**

लामो समय शासन गरिसकेका सिरियाली राष्ट्रपति बसार अल असदको राजीनामाको माग गर्दै आमजनताले शान्तिपूर्ण विरोध प्रदर्शन शुरु गरेका थिए । देशव्यापी यी प्रदर्शनमा लाखौं जनता सहभागी भएका थिए । केही प्रदर्शनले हिंसात्मक रुप लिएको थियो । सिरियाली जनताको प्रदर्शनमा छिमेकी मुलुक र अन्य शक्तिराष्ट्रले समर्थन गरेका थिए । विरोध प्रदर्शनलाई दबाउने नाममा सरकारले निर्मम शक्ति प्रयोग गर्न थालेपछि शसस्त्र विद्रोह शुरु भएको थियो । गृहयुद्धको रुप लिएको राष्ट्रपति असद विरुद्धको यस युद्धमा मुख्यतः चार पक्ष सहभागी थिएः सिरियाली सेना र यसको गठबन्धन (फ्रि सिरियन आर्मी), सलाफी जिहादी समूह (अल नुस्रा र तहरिर अल-शाम समूह समेत), कुर्दिस-अरब सिरियन डेमोक्रेटिक फोर्सेस (एसडिएफ) र इराकी इस्लामिक स्टेट समूह । यी विभिन्न समूहलाई इरान, इजरायल, रसिया, टर्की, संयुक्तराज्य अमेरिका समेतका मुलुकले प्रत्यक्ष वा परोक्ष सहायता उपलब्ध गराएका छन् ।

इरान, रसिया र हेज्बोल्लाह राष्ट्रपति असदको पक्षमा लडिरहेका छन् जहाँ रसियाले सन् २०१५ देखि विद्रोहीका अखडाहरुमा भिषण हवाई कारबाही गरिरहेको छ । इस्लामिक स्टेटविरुद्धको कारबाहीको नाममा संयुक्तराज्य अमेरिकाले सन् २०१४ देखि गठबन्धन बनाएर इस्लामिक स्टेट समूहका साथै सिरियाली सेना र सिरियाली सेना समर्थित लडाकू समूहमाथि लक्षित गरी आक्रमण गरिरहेको छ । सन् २०१५ देखि सिरियाको उत्तर र पूर्वी भागमा स्वायत्त क्षेत्र स्थापना गरी एसडिएफलाई आर्थिक, प्राविधिक, सैनिक समेतका सबै सुविधा उपलब्ध गराएको छ । टर्कीले भने एसडिएफ, इस्लामिक स्टेट र सिरियाली सेना विरुद्ध आफ्नो सीमाक्षेत्रमा आक्रमण गरिरहेको छ । टर्कीले सिरियाली विपक्षीलाई पनि मद्दत गरी सिरियाको उत्तरपश्चिम क्षेत्रको ठूलो भूभागमा परोक्ष नियन्त्रण कायम गरेको छ । पछिल्लो विवरण अनुसार सिरियाली सेनाको नियन्त्रणमा देशको करिब ६४ प्रतिशत भूभाग मात्र छ भने एसडिएफको करिब २६ प्रतिशत, अन्य विद्रोही र टर्कीको नियन्त्रणमा १० प्रतिशत भूभाग छ ।

इजरायलले पनि सिरियाभित्र सक्रिय इरानी र हेज्बोल्लाह लडाकूमाथि कारबाही गर्ने नाममा हवाई आक्रमण गर्ने गरेको छ ।

**मानवीय र भौतिक क्षति**

सिरियाली भूमिमा सक्रिय विभिन्न सशस्त्र समूह, रसिया र अन्य राष्ट्रका सेनाले गर्ने हवाई कारबाही तथा सरकारी फौजको व्यापक परिचालनले सिरियाभित्र चरम मानवीय र भौतिक क्षति भइसकेको छ । राष्ट्रसंघ र सिरियाली अब्जरभेटरी फर ह्युमन राइट्सका अनुसार यहाँ मानव अधिकारको चरम उल्लंघन हुनुका साथै आममानिसको कत्लेआम गरिएको छ । राष्ट्रसंघका अनुसार सिरिया युद्धमा हालसम्म करिब चार लाखको ज्यान गइसकेको छ भने सन् २०१५ सम्ममा कूल जनसंख्याको झण्डै आधा हिस्सा अर्थात करिब एक करोड ९ लाख मानिस विस्थापित भएका छन् । यी मानिसहरु लेबनान, जोर्डन, टर्की र इराकतिर भागेका थिए । टर्कीमा मात्र १७ लाख मानिसले आश्रय लिएका छन् । क्लस्टर बम, विशाल सैन्य कारबाही, अन्धाधुन्ध क्षेप्यास्त्र प्रहार र गोली समेत सबै किसिमका परम्परागत तथा सिरियाली सेनाले नै चलाएको तथाकथित रासायनिक हतियारले यी मानिसको ज्यान गएको हो । लाखौं शरणार्थी विभिन्न युरोपेली मुलुकमा पुगेका छन् र युरोपका कैयौं देशलाई सिरियाली शरणार्थी टाउको दुखाईको विषय बनेका छन् ।

सिरियामा गृहयुद्ध सक्रिय अवस्थामै रहेका कारण कति भौतिक क्षति पुगेको छ भन्ने स्पष्ट विवरण संकलन निकै कठिन र चुनौतीपूर्ण छ । तैपनि, राष्ट्रसंघले गरेको अनुमान अनुसार करिब चार खर्ब अमेरिकी डलर बराबरको भौतिक सम्पत्ति नष्ट भएको छ । पुनर्निर्माणका लागि आवश्यक स्रोत, साधन जुटाउन अहिलेकै अवस्थामा सिरियालाई निकै कठिन छ । आर्थिक रुपमा तुलनात्मक रुपमा कमजोर अवस्थामा रहेका सिरियाका मित्रराष्ट्रहरु इरान र रसियाले पुनर्निर्माणका लागि गर्ने सहयोग पक्कै पनि सिरियालाई अपर्याप्त हुनेछ । तर अन्य राष्ट्रको सहयोग प्राप्त गर्न असदको सत्ता बाधक हुने स्वतः देखिन्छ ।

**अबको निकास ?**

फेब्रुअरी २०११ मा अमेरिकाका तत्कालीन उपराष्ट्रपति जो बाइडेनले एउटा समारोहमा सम्बोधन गर्दैआधारभूत स्वतन्त्रता र सम्मानको चाहना राख्ने जनतालाई अमेरिकाले सदैव समर्थन गर्ने प्रतिज्ञा गरेका थिए । त्यो सम्बोधनको एक महिनापछि नै सिरियाका जनता राष्ट्रपति असदको विरोधमा सडकमा उत्रिए । तर सिरियाली सरकारको चरम दमनमा त्यहींका जनता परे ।

# कारबम विष्फोटमा आठ जनाको मृत्यु



**हेरात–** पश्चिम अफगानिस्तानमा शुक्रबार भएको एक शक्तिशाली कारबम बिस्फोटमा परेर कम्तीमा आठ जनाको मृत्यु भएको छ भने अरु दर्जनौँ व्यक्ति घाइते भएका छन् । सर्वसाधारणलाई लक्षित गरी आक्रमण भएको भन्दै संयुक्त राष्ट्रसङ्घले निन्दा एवं खेद व्यक्त गरेकै समय पछिल्लो आक्रमण भएको छ ।

हेरातस्थित प्रहरी मुख्यालयलाई लक्षित गरी कारबम बिस्फोट गराइएको प्रहरीले जनाएको छ । हेरातका प्रान्तीय गभर्नरका प्रवक्ता जेलानी फरहादका अनुसार बम बिस्फोटबाट दर्जनौं घर र पसलहरु नराम्रोसँग क्षतिग्रस्त भएका छन् ।

मृत्यु हुनेहरुमा महिला, बालबालिका र सुरक्षाकर्मी रहेको प्रवक्ता फरहादले बताउनुभयो । उहाँले बम बिस्फोटबाट ४७ जना घाइते भएका र उनीहरुको हेरातका अस्पतालहरुमा उपचार भइरहेको जानकारी दिएका छन् ।

अफगानिस्तानको मुख्य विद्रोही समूह तालिबानका प्रवक्ता जबिहुल्लाह मुजाहिदले हेरातमा भएको बिस्फोटसँग आफ्नो समूहको कुनै सम्बन्ध नरहेको दाबी गर्नु भएको छ ।

तर, तालिबानका लडाकूहरु यस राज्यमा निकै सक्रिय छन् र हालैका दिनहरुमा उनीहरुले सुरक्षाफौजलाई लक्षित गरी धेरैवटा हमला गरिसकेका छन् । राष्ट्रपति अश्रफ घानीले हेरात बिस्फोटका लागि तालिबान दोषी रहेको बताए । राष्ट्रपति घानीले एक वक्तव्य प्रकाशन गरी तालिबान समूहले आफ्नै जनतामाथिको अवैधानिक युद्धलाई निरन्तरता दिइरहेको र उनीहरुले वर्तमान संकटको शान्तिपूर्ण समाधानका लागि पहल नगरेको उल्लेख गरेका छन् ।

हालैका महिनाहरुमा अफगानिस्तानमा हिंसात्मक घटनाहरु बढ्दै गएका छन् । सरकार र तालिबान समूहबीच शान्ति वार्ता भइरहे पनि तालिबान समूहले पत्रकार, अधिकारवादीहरु र सरकारी कर्मचारी, वकील लगायतलाई लक्षित गरी आक्रमण गरिरहेका छन् । गत शुक्रबार, राष्ट्रसंघीय सुरक्षा परिषदले अफगानिस्तानमा नागरिक-लक्षित आक्रमणलाई लिएर कडा शब्दमा निन्दा एवं भर्त्सना गरेको थियो । अमेरिकी राष्ट्रपति जो बाइडेनले तालिबान र अमेरिकाबीच भएको सम्झौताको समीक्षा गरिरहेको बताउँदै आएका छन् । (रासस/एएफपी)

**मोटरसाइकल हरायो**

मिति २०७७-०८-०७ गतेका दिन राती पार्किङ्ग गरिराखेको निलो रंगको पल्सर १८० सिसि मोटरसाइकल हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरि दिनुहुन अनुरोध गर्दछु ।

नाम : श्री फ्युजन बचत तथा ऋण सहकारी संस्था लि., गैह्रीधारा-२, काठमाडौं (ऋणी दिव्यस बास्कोटा)
सवारी नं : बा ९५ प ३२२०
इन्जिन नं.: DJYCHH31046
च्यासिस नं.: MD1A12DY3HCH65241
सम्पर्क नं. : ९८५१००८२७३

**बिमालेख हरायो**

मेरो निम्न ब्यहोराको नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको बिमालेख हराएको हुनाले पाउनुहुने महानुभावले नजिकको प्रहरी चौकी वा नेपाल लाइफको कार्यालयमा बुझाइदिनुहोला ।

नाम : राजनी विष्ट
बिमालेख नं.: १८२०००१६०
ठेगाना : काठमाडौं
मोबाइल नं. : ९८४१४८३१२९

**डिभिजन वन कार्यालय, दोलखाको**

**काठ/दाउरा लिलाम बिक्री सम्बन्धी सूचना**

**दोस्रोपटक सूचना प्रकाशन मितिः २०७७/१२/०१**

यस कार्यालय र लामोसाँघु तामाकोशी जिरी सडक आयोजनाबीच भएको सम्झौताबमोजिम चरिकोट जिरी सडकखण्डमा पर्ने रुखहरु कटान मुछान गरी उत्पादन भएको विभिन्न लटमा राखिएको खोटे सल्ला र अन्य जातको गरी गिण्डा थान ६९१६ को जम्मा १७,७२३.८८ क्यु.फि.काठ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी शिलबन्दी बोलपत्र प्रक्रियाद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक वन पैदावारको कारोबार गर्ने उद्देश्यले दर्ता भएको काष्ठ व्यवसायी, फर्म, कम्पनी, संघ संस्थाले यो सूचना दोस्रोपटक प्रकाशित भएको मितिले १५ दिनभित्र यस कार्यालयमा प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : ROYAL INNOVATION CO. LTD.

पूर्व स्वीकृति मिति २०७६/०९/२८ पून : विज्ञापन स्वीकृति मिति २०७७/११/२८ LT. No. 230067 चलानी नं. ६०१५५०३५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HVAC Technician | 1 | 0 | 2500 | ६०,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Labour | 1 | 0 | 1000 | ३०,३४० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौं, मितिः चैत्र ८ गते (21 Mar. 2021) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने/नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Prince International Employment Service Pvt. Ltd.**

श्रम ईजाजत नं. ४३५/०६०/०६१
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, E-mail : info@princeies.com

## वर्गीकृत विज्ञापन संकलन काउण्टर

पशुपति विज्ञापन सेवा - सोह्रखटटे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोनं. ०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोनं. ४३६४७१ । ध्रुवको पसल - डिल्लीबजार, फोन नं. : ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) - फोन नं. ४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217** । दन्तकाली स्टेशनरी - नयाँ बसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञानज्योती पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र संचार - बसुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । बीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी - बालाजु नेपालटार, फोन नं. ४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी - गटठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं. **9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी -विश्वज्योति हल साईडमा), बी.एन्ड बी. कम्यूनिकेशन एन्ड साइबर - कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः ०१-४२७१३२२ । दाजुभाई स्टेशनरी - पिंगलास्थान, गौशाला,, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१-४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला – ९२५००/- | प्रति तोला – ९२०००/- | प्रति तोला – १२६०/-



**नुवाकोटको ग्रिड सोलार आयोजना** : नुवाकोटमा निर्माणाधीन २५ मेगावाट क्षमताको मुलककै ठूलो ग्रिड सोलार आयोजनाअन्तर्गत 'स्टाफ क्वाटर ब्लक' क्षेत्रमा राखिएको सौर्य प्यानल । यस आयोजना मार्फत हाल १० मेगावाट विद्युत् उत्पादन गरेर केन्द्रीय प्रसारण प्रणालीमा जोडिएको छ भने बाँकी काम छ महिनाभित्र सम्पन्न गर्ने लक्ष्य छ । तस्वीर : रामहरि न्यौपाने/रासस

## उदार आर्थिक नीतिले मुलुक समृद्ध बन्छ : डा. महत

■ प्रभाव संवाददाता

**तनहुँ –** नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं पूर्वअर्थमन्त्री डा. रामशरण महतले उदार आर्थिक नीतिले मात्रै मुलुक समृद्ध बन्न सक्ने बताएका छन् । नेपाल वितरक महासङ्घ केन्द्रीय समितिको शनिबार तनहुँको दमौलीमा आयोजित नवौं वार्षिक साधारणसभाको उद्घाटन गर्दै डा महतले उक्त कुरा बताएका हुन् ।

उदार अर्थ नीतिले केबल देश विकास मात्र नभई आर्थिक गतिविधि बढाउने, रोजगारीको अवसर सिर्जना गर्ने, आयआर्जनका अवसर सिर्जना गर्न सहयोग पुऱ्याउने डा महतले बताए । 'देशको राजश्व बढाउनका लागि उदार अर्थ नीतिको आवश्यक छ, किनभने आर्थिक गतिविधि बढाउने सरकारको मात्रै जिम्मेवारी होइन', उनले भने, 'सरकारले गर्नुपर्ने उपयुक्त काम सरकारले नै गर्नुपर्छ । बाँकी काम निजी क्षेत्रको पनि हो ।'

पूर्वाधार विकास, स्वास्थ्य, शिक्षा, गरीबी निवारण, सामाजिक सुरक्षाका काम सरकारले गर्नुपर्ने र उद्योगधन्दा बढाउन निजी क्षेत्रलाई प्रोत्साहन गर्नुपर्नेमा उनको जोड थियो । 'सरकारले गैरसरकारी र सहकारी क्षेत्रलाई प्रोत्साहन गरेर मुलुक समृद्ध बनाउने वातावरण सिर्जना गर्नुपर्छ,' उनले भने, 'स्वदेशी र विदेशी पूँजीको लगानी वृद्धि गर्नुपर्छ ।'

स्वदेशी पूँजी संरक्षण गर्दै व्यवसायीको हकहितका लागि सरकारले वातावरण सिर्जना गर्नुपर्नेमा जोड दिँदै डा महतले राष्ट्रलाई समृद्धिको बाटोमा अगाडि बढाउन सबैबीच सहमति र सहकार्यको आवश्यकता रहेको चर्चा गरे । उद्योगी, व्यवसायीलाई शोषण गर्न नहुने बताउँदै पूर्वमन्त्री डा महतले व्यवसायीले पनि सही ढङ्गबाट कर तिर्नुपर्ने धारणा व्यक्त गरे ।

नेपाल वितरक महासङ्घका केन्द्रीय अध्यक्ष सुरेश अधिकारीले वितरक महासङ्घलाई सरकारले अन्य व्यवसायीसरह हेर्न नहुने बताए । साधारणसभामा ४४ जिल्लाका प्रतिनिधि र पर्यवेक्षक गरी करीब ५०० जना सहभागी छन् । कार्यक्रममा व्यवसायीले अनुगमनका क्रममा हतोत्साही बनाउने काम भएको बताउँदै अस्थिर राजनीतिका कारण व्यवसायी ढुक्क हुने स्थिति नरहेको गुनासो गरे ।

## असिना पानीले नवलपुरमा दुई करोडको इँटा नष्ट

**नवलपुर–** नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरमा असिना पानीका कारण करीब रु दुई करोड बराबरको इँटा नष्ट भएको छ । गत बुधबार साँझ परेको असिनासहितको पानीले नवलपुरमा रहेको इँटा उद्योगमा रु एक करोड ८० बराबरको क्षति पुगेको छ ।

हावाहुरी, पानी र असिना परेका कारण पोल्ने अवस्थामा तयारी रहेका काँचा इँटामा क्षति भएको नवलपुर इँटा सङ्घका सचिव कृष्ण गौतमले जानकारी दिए । नवलपुरमा अहिले आठ इँटा उद्योग सञ्चालनमा छन् । सबै इँटा उद्योगमा गरेर पोल्नका लागि तयारी अवस्थामा रहेका ४० लाख काँचो इँटा नष्ट भएको उनले बताए ।

'हावाहुरीले चाङ पल्टाउने र पानी आउने एकैसाथ हुँदा क्षति बढी भयो', केसी इँटा उद्योग कावासोतीका सञ्चालक अशोक केसीले भने, 'पानीले गलाउँथ्यो, अझ असिनाले त काँचो इँटामा प्वाल पारेर धेरै क्षति भयो ।'

जिल्लाका इँटा उद्योग रहेको स्थानको भू-बनावटका कारण बढी क्षति हुने गरेको नवलपुर इँटा सङ्घका सचिव गौतमले बताए । सबै इँटा उद्योगमा पानी जम्ने समस्याका कारण एक्कासी आउने पानीले बढी क्षति हुने गरेको उनले बताए ।

पोल्ने अवस्थामा तयारी रहेका काँचो इँटा नष्ट हुँदा वर्षेनी इँटा व्यवसायीले ठूलो क्षति भोग्नुपरेको उनले बताए । अन्य व्यवसायको बीमा भए पनि इँटाको बीमा नहुँदा क्षतिमा राहत पाउने अवस्था नभएको नवलपुर उद्योग सङ्घका अध्यक्षसमेत रहेका गौतमले बताए । बीमा नीति बनाएर भए पनि व्यवसायीले भोग्नुपरेको क्षति न्यूनीकरणका लागि सरकारले पहल गर्नुपर्ने उनले बताए ।

पोल्नेको लागि तयार भएका इँटा पानीले नष्ट हँदा बजारमा इँटाको अभावसमेत हुने उनले बताए । यो समयमा इँटाको माग उच्च रहेका अवस्थामा पोल्नका लागि तयारी इँटा नष्ट हुँदा फेरि तयार गर्न समय लाग्ने उनले जानकारी दिए । नवलपुरमा नारायणी इँटा उद्योग, माता मनकामना इँटा उद्योग, केसी इँटा उद्योग, नेपाल इँटा उद्योग, कावासोती इँटा उद्योग, देवचुली इँटा उद्योग, मनोकामना इँटा उद्योग र कावा इँटा उद्योग सञ्चालनमा रहेका छन् ।

## 'सुदूरपश्चिम प्रदेशको आर्थिक वृद्धिदर उत्साहजनक'

■ प्रभाव संवाददाता

**मार्तडी –** नेपाल राष्ट्र बैंक सुदूरपश्चिम प्रदेशका कार्यकारी निर्देशक शुभाष चन्द्र घिमिरेले सुदूरपश्चिम प्रदेशका आर्थिक वृद्धिदर उत्साहजनक रहेको बताएका छन् । शुक्रबार खप्तड छेडेदह गाउँपालिकाको 'एक घर, एक बैंक' नमूना गाउँपालिका घोषणा कार्यक्रममा निर्देशक घिमिरेले तथ्याङ्कको हिसाबले जहाँ वित्तीय पहुँच र बैंकिङ पहुँच बढेको छ त्यहाँ तुलनात्मकरुपले आर्थिक वृद्धि बढेको बताए ।

विगतको तथ्याङ्कलाई हेर्दा आर्थिक वृद्धिदरमा सुदूरपश्चिम प्रदेश कर्णाली प्रदेशभन्दा एक तहले मात्र अगाडि रहेको तथ्य प्रस्तुत गर्दै उनले पछिल्लो समयमा सरकारले लिएको लक्ष्यअनुसार राष्ट्र बैंकले नीति बनाएर कार्यान्वय गर्ने जानकारी दिए ।

प्रदेश कार्यकारी निर्देशक घिमिरेले आम्दानीबाट बचत गर्ने र सोहीबाट बचेको रकमलाई खर्च गरेमा बचत वृद्धि हुँदै जाने विश्वास व्यक्त गरे । वित्तीय बैंकको पहुँचका कारण सुदूरपश्चिम प्रदेशमा आर्थिक वृद्धिदरसमेत बढ्दै गएको निर्देशक घिमिरेले जानकारी दिए ।


आर्थिक वृद्धिका लागि बैंक ग्रामीण भेगमा पुग्नु र बैंकमा खाता खोल्नु अत्यावश्यक भएको घिमिरेको भनाइ छ । उनले गाउँपालिकामा वित्तीय बैंक सञ्चालन भएपछि गाउँका नागरिकले बैंक बचतका सिकाउनु नपर्ने हुँदा खुशी व्यक्त गरे ।

गाउँपालिकाको आयोजनामा गरिएको 'एक घर, एक बैंक खाता' सञ्चालन नमूना घोषणा कार्यक्रममा निर्देशक घिमिरेले देशमा राजनीतिक दललेसमेत आर्थिक मुद्दालाई विशेष प्राथमिकता राख्दै आएको उल्लेख गर्दै भौगोलिक विकट भए पनि आर्थिकरुपमा अघि बढाउन गाउँपालिकामा भएका जैविक विविधताका सम्भावनालाई प्रयोग गरी आम्दानीको स्रोत बनाउनुपर्नेमा जोड दिए ।

गाउँपालिकाका अध्यक्ष नरबहादुर रावतले सो कार्यक्रम सञ्चालनका लागि गरिएको अभियानमा सहयोग गर्ने निकायलाई धन्यवाद दिए । उनले गाउँपालिकाका सातवटै वडाका स्थानीयलाई बचत गर्दा हुने फाइदा र बचतले गर्दा पाउने सेवासुविधाको सचेतनापछि एक घर एक बैंक खाता नमूना गाउँपालिका घोषणा गर्न सफल भएको बताए ।

प्रमुख जिल्ला अधिकारी कृष्ण गैह्रेले घरघरमा बैंक खाता सञ्चालन भएकाले सरकारले लिएको नीति अवलम्बन गरिएको बताए । उनले सरकारले लिएको नीतिअनुसार बैंक खाता खोलेर बचत गर्ने कार्य अघि बढाइनु प्रशंसनीय कार्य भएको प्रजिअ गैह्रले बताए । विद्यालयका सांस्कृति कार्यक्रम, वडाका महिलाद्वारा देउडा, स्थानीय पर्व भुवाचालीलगायत प्रदर्शन गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्णराज जोशीले जानकारी दिए ।

वैदेशिक रोजगार तथा विद्यार्थीको मेडिकल जाँच्नका लागि
१. निर्विवाद पहिलो नम्बर, कहिल्यै बन्द नभएको,
२. नेपाल सरकार तथा सबै देशहरूद्वारा मान्यता पाएको,
३. निरन्तर २१ वर्षदेखि उत्कृष्ट सेवा दिएको,
४. सबैभन्दा सस्तो र सबैभन्दा राम्रो,
५. क्षतिपूर्ति एकै दिनमा सम्पूर्ण ग्राहक सन्तुष्टि बन्ने,
६. हस्पिटलका सम्पूर्ण सेवाहरू ५० प्रतिशत छुटमा पोलिक्लिनिकमा उपलब्ध छ ।
हरेक दिन बिहान ७ बजेदेखि बेलुका ७ बजेसम्म
सेवाका लागि सम्झनुहोस्
गोल्डेन गेट पोलिक्लिनिक
नख्खु दोबाटो, रिङरोड, ललितपुर-१३
फोन नं. ०१-५१९०४०८/९८५११३५०८६/९८२३७९६६३७
* शर्तहरू लागू हुनेछ ।




अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रक : एक्सप्रेस कलर प्रेस, कार्यालय : धुम्बराही-४, काठमाडौं, नेपाल, फोन/फ्याक्स नं. ०१-४३७३५७७, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, अध्यक्षः दुर्गा बहादुर लिम्बू, सम्पादकः कमलराज राई